'ब्रह्मास्त्र २'मा विजय देवरकोन्डा बन्न सक्छन् 'देव' | पृष्ठ ४ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १६७ • २०७९ साल कार्तिक २६ गते शनिबार (12 November, Saturday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सिरहा-२ मा घमासान

# आफ्नै बुत्तामा जसपा अगाडि, गठबन्धनकी यादव पछ्याउँदै

**टुडे समाचारदाता**

लहान । सिरहा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा सत्तारुढ गठबन्धनबाट नेपाली कांग्रेसकी उम्मेदवार चित्रलेखा यादव र एमाले जसपाबाट गठबन्धनबाट जसपाका उम्मेदवार राजकिशोर यादवबीच घमासान छ।

वरिष्ठ पत्रकार समेत रहेका रामरिझन यादव र देवकुमार यादवले पनि प्रतिनिधिसभा सदस्यमा भाग्य परीक्षण गर्दैछन् ।उनीहरुले काट्ने मत निर्णायक नहुने देखिए पनि चुनावको एजेण्डा भने स्थापित गरेका छन्।

कांग्रेसकी उम्मेदवार चित्रलेखा यादव सरकार, प्रतिनिधिसभा र पार्टीमा झण्डै तीन दशकदेखि नेतृत्वदायी भूमिकामा रहँदै आएकी छन् ।तर चुनावमा भने २०५६ सालको चुनावमात्र जितेकी हुन् । दुबै संविधान सभामा उनी समानुपातिकबाट पुगेकी थिइन्। उपसभामुख, पटक-पटक मन्त्री बनेकी यादवका श्रीमान् लोकसेवा आयोगका सदस्य थिए।

पार्टी नेतृत्वमा समेत उनी केन्द्रीय कोषाध्यक्ष भइसकेकी हुन् ।" 'जन मन' बुझ्न चुकेका यादवबाट मतदाताहरु अहिले टाढिएका छन्" सो क्षेत्रका मतदाता रामेश्वर साहले भने, कांग्रेसको संगठन बलियो भए पनि उम्मेदवारले त्यसलाई परिचालन गर्न सकिरहेका छैन्।

सिराहा जिल्लाकै निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधि सभा सदस्य बनेका जनता समाजवादी पार्टी(जसपा)का उम्मेदवार राजकिशोर यादव भने अगाडि देखिएका छन् ।उनी निर्वाचन क्षेत्र नम्बर २ मा 'अनटेस्ट' उम्मेदवारका रुपमा मतदाताको विश्वासपात्र बन्न थालेका छन्। पूर्व सञ्चारमन्त्री समेत रहीसकेका यादवका लागि



राजकिशोर यादव    चित्रलेखा यादव

निर्वाचन क्षेत्र नम्बर २ मा जसपाको संगठन र पालिकामा प्राप्त सफलताले पनि बल पुऱ्याएको छ ।आफ्नै बुत्तामा चुनाव लडिरहेका यादवका लागि मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विजय यादव बलियो सहयोगी बनेका छन्।

प्रतिनिधिसभा सदस्यका लागि जनमत पार्टीका विनोद यादवको हर्न पनि बजिरहेको छ ।मतदानको मिति नजिकिएसँगै हर्नको स्वर ठूलो सुनिन थालेको छ ।जनमत पार्टीको पनि प्रभाव क्षेत्रमा व्यापक रहेको छ ।उनले चुनावको परिणामलाई फेरबदल गर्न सक्ने क्षमता राखेका छन्।

जसपाका उम्मेदवार पूर्व मन्त्री यादवले चुनावमा मतदातालाई प्रभावित गर्न अपनाएको शैलीलाई पनि आमनागरिकले प्रशंसा गरिरहेका छन् ।उनी घरदैलोको क्रममा स्थानीय समस्याहरुको पहिले नै पहिचान गरी मतदाताहरुसित भलाकुसारी गर्छन् ।युवा रहेकाले उनी अबेर रातिसम्म कार्यक्रमहरुमा सहभागी हुने गरेका छन्।

सिरहा जिल्लाको अन्य निर्वाचन क्षेत्रहरुको भन्दा बढी चर्चा पाएको क्षेत्र नम्बर २ मा उम्मेदवारहरुले सम्पूर्ण ताकत लगाएका छन्। मतदाताहरु अझै खुलिसकेका छैनन् ।तर बाहिरी वातावरणले कुनै पालिकाको वडामा कुन दलको जोड भन्ने सहजै बुझ्न सक्ने वातावरण बनिसकेको छ।

सरकार र पार्टीको नेतृत्वदायी भूमिकामा प्रायः रहेकी कांग्रेसकी उम्मेदवार चित्रलेखा यादवलाई मतदाताहरुले पदमा हुँदा क्षेत्रमा नआएको, विकासमा चासो नदेखाएको जस्ता आरोप लगाउदै अनेक प्रश्नहरु तेर्स्याउने गरेका छन्।

जसपाका उम्मेदवार पूर्व मन्त्री यादवलाई अन्य क्षेत्रबाट चुनावका लागि मात्र आएको आरोप पनि लाग्ने गरेको छ ।तर उनको सकृयता र विश्वास दिलाउने शैलीले विपक्षी मतदाताहरुको 'वार' प्रभावकारी हुन नसकेको राजनीतिमा सक्रिय युवा सीताराम यादव बताउँछन्।

क्षेत्र नम्बर २ मा पूर्व मन्त्रीबीचको घमासनसँगै मधेश प्रदेशका कृषि मन्त्री विजय यादवलाई प्रदेश क मा प्रतिष्ठा जोगाउन त्रिपक्षीय संघर्ष गर्नु परिरहेको छ।जसपाबाट उम्मेदवार रहेका प्रदेश मन्त्री यादवलाई सत्तारुढ गठबन्धनबाट माओवादीका उम्मेदवार जिवछ यादव र जनमत पार्टीका सञ्जय यादवबीच प्रतिस्पर्धा भइरहेको छ ।माओवादीका जिवछ यादव स्थानीयमा बढी भिँजेका छन् ।जनमतका सञ्जय यादव नयाँ जोशका साथ क्षेत्रमा संगठन गरेका छन्।जसपाका उम्मेदवार यादव प्रदेश सरकारका मन्त्री हुन्।

क्षेत्रको चुनाव भन्दा पनि बढी रोचक प्रदेशको चुनाव भएको मो.रसुल कवारी बताउँछन् ।संगठनात्मक मतको मात्र भर परे चिप्लन सक्ने बताउँदै उनले भने, हरेक उम्मेदवार आफ्नो दलका मतको सुरक्षा र अन्य दलबाट मत चोर्ने 'जोगाड'मा लागेका छन्।

त्यसैगरी प्रदेश 'ख' मा एमालेबाट शत्रुधन सिंह कोइरी र नेकपा एसबाट मदनसेन श्रीवास्तवबीच कडा प्रतिस्पर्धा भइरहेको छ। उम्मेदवारी दर्ता हुने बेला सम्म चार पटक जसपा र एमाले गरेका कोइरीको प्रभाव प्रदेश 'ख'मा राम्रो रहेको छ ।तर पटक-पटक दल परिवर्तन गरेका कोइरीका लागि सत्ता गठबन्धनका उम्मेदवार श्रीवास्तव भारी भएका छन्।

क्षेत्रमा प्रतिष्ठित राजनीतिकर्मीको रुपमा रहेका श्रीवास्तवप्रति सहानुभूति देखिएको छ ।तर क्षेत्रमा कोइरी मतदाताको संख्या बढी रहेकाले शत्रुधन सिंहको स्थिति कमजोर छैन् ।मुख्य रुपमा कोइरी र श्रीवास्तवबीच नै कडा प्रतिस्पर्धा हुने मतदाताहरुको अनुमान छ।

क्षेत्र नम्बर २ मा १ लाख ७ हजार ४ सय ६५ मतदाता छन् । चुनावमा कुल २३ जना उम्मेदवार रहेका छन्। क्षेत्रमा नवराजपुर, बरियारपट्टी, औरही गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका, सुखीपुर नगरपालिकाको समेत रहेको ४१ वटा वडा रहेका छन्।

स्थानीय चुनावमा कांग्रेसले १२, एमालेले १०, जनता समाजवादी पार्टीले १०, माओवादी केन्द्रले ६, एकीकृत समाजवादीले २ र जनमत पार्टी १ वडा जितेका छन्। स्थानीय तह वडाका आधारमा कांग्रेस-माओवादी केन्द्र-एकीकृत समाजवादी सम्मिलित लोकतान्त्रिक-वाम गठबन्धनले ३३ हजार ८ सय ९५ मत पाएको देखिन्छ। एमाले-जसपा गठबन्धनले ३२ हजार ३ सय ४८ मत पाएको छ। स्थानीय तहमा एउटा वडा जितेको जनमत पार्टीले ४ हजार ९ सय ६६ मत पाएको थियो।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ कार्तिक २७ गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






फाल्गुनन्द जन्मयन्ती विषेशः

# समाज सुधारक तथा राष्ट्रिय विभूति फाल्गुनन्द

फुङ्लिङ। 'माङ निङवारे माङ आबोङ, हाङ निङवारे हाङ आबोङ, योक निङवारे आमेक्लो' (भगवान्को सोच लियौँ भने भगवान हुइन्छ। राम्रो सोचले राम्रो मन्छे हुइन्छ। नराम्रो सोचले आफैँ सकिन्छौँ) विचार दर्शन दिने दार्शनिक किराँत धर्मदर्शनका गुरु, महान् समाज सुधारक तथा नेपालको राष्ट्रिय विभूति फाल्गुनन्द लिङ्देन जन्मिएको एक सय ३७ वर्ष पूरा भई कात्तिक २५ गतेबाट एक सय ३८ वर्षमा प्रवेश गर्दैछ।

तत्कालीन समयमा लोपोन्मुख अवस्थामा पुगेको किराँत धर्मदर्शन, भाषा, लिपि, संस्कार र संस्कृतिलाई पुनःउत्थान गर्न र कुरीति कुसंस्कारमा रमाइरहेका किराँत समुदायलाई मार्गदर्शनमा डोऱ्याउन फाल्गुनन्द लिङ्देनको किराँत समुदायमा जन्म भएको थियो। सत्आहार, सत्विहार र सत्कर्म गर्नु भनी उपदेश दिनुहुने महागुरु फाल्गुनन्दको सत्य, शान्ति र अहिंसावादी दर्शनलाई पछिल्लो समय विश्वमा अनुसरण गर्न थालिएको छ। उहाँ सत्य, शान्ति र अहिंसाका सूत्रधारको रूपमा सबैमा पुज्य हुनुभएको छ। किराँत धर्मावलम्बीहरूले उहाँलाई मुहिङगुम अङसीमाङको रूपमा आस्था र श्रद्धा पोख्ने गर्दछन्।

महागुरुले समाज सुधारका लागि विसं १९८८ वैशाख २४ गते पान्थरको लब्रेकुटीमा तत्कालीन लिम्बूवानवासी गन्यमान्य सुब्बा, सुवाङ्गी, कारवारी, बुद्धिजीवीहरूलाई भेला बोलाएर सत्य धर्म मुचुल्का निर्माण गर्नुभएको थियो। समाज सुधार अभियानमा आजीवन लाग्नुभएका महागुरुलाई राज्यले जीवनभरि राजद्रोही, देशद्रोही र पूर्व लिम्बूवानको राजा हुन खोजेको आरोप लगाउँदै गिरफ्तार गर्ने र अनेकौं दुःख, पीडा दिने काम मात्र गरेको थियो तर उहाँको देहावसान भएको ६१ वर्षपछि विसं २०६६ मङ्सिर १६ गते नेपाल सरकारले राष्ट्रिय विभूतिले सम्मानित गरेको छ।

### फाल्गुनन्दको बाल्यकाल

इलाम जिल्ला माङसेबुङ गाउँपालिका-२ चुक्चीनाम्बा गाउँमा विसं १९४२ कात्तिक २५ गते आइतबार उहाँको जन्म भएको थियो। सामान्य किसान परिवारमा जन्मिएका महागुरु फाल्गुनन्दको बाल्यकालमै आमाको देहावसान भएपछि बुवाले दोस्रो विवाह गर्नुभयो। त्यसपछि सानीआमाको रेखदेखमा हुर्कनुभयो उहाँ। बाल्यकाल गाई-बाख्राको गोठाला गर्दै वनजङ्गल, खोलानाला, डाँडा चहार्दै बित्यो। बाल्यकालमा शान्त, एकान्तप्रेमी, कम बोल्ने स्वभावको हुनुहुन्थ्यो।

केही वर्ष उहाँ काका-काकीसँग बस्नुभयो। पछि लेछेबुङ बारीमा सानो कटेरो बनाएर अलग्गै बस्न थाल्नुभयो। आर्थिक अवस्था कमजोर भएकाले भ्याकुर र तरुल खनी खाँदै जीविका चलाउन थाल्नुभयो। उहाँ आठ वर्षको हुँदा सुतिरहेको अवस्थामा एक दिव्य पुरुषले इशारा दिएर बोलाएकाले महागुरु आकर्षित भएर जुरुक्क उठेर दिव्य पुरुषको पछिपछि लाग्दा माईखोलामा नुहाउन लगाएको र केही माथि खत्रक्पाको खोल्सीमा लगेर लाम्पातेको रुखको फेदमा उभ्याएर खुट्टानेर छेउको भुइँमा खोम्रेर सिमीको दाना रोपेजस्तो गरेर त्यही बीउ उम्रेर लहरा भई महागुरुलाई चलमल गर्न नसक्ने गरी बाँधेर दिव्य पुरुषले माईखोलातिर औँल्याउँदै, आमासँग माफी माग भनी त्यहीँ अल्पिएर महागुरुको शरीर हल्का भएको र बेरिएको लहरा पनि लोप भएको थियो भनी महागुरुको जीवनीमा उल्लेख गरिएको छ।

महागुरु फाल्गुनन्द आजीवन ब्रम्हचारी भएर बस्नु भयो। महागुरु फाल्गुनन्द महिलाको वेषभूषा र गरगहनामा सजिएर हिँड्नुहुन्थ्यो। कम बोल्ने, मसिनो स्वर भएका उहाँ शाकाहारी भोजन ग्रहण गर्ने सधैँ हिँडिरहने, ज्ञान



गुणका कुरा बाँडिरहने फाल्गुनन्दले आजीवन सादा जीवन व्यतित गर्नुभएको थियो। उहाँले प्रयोग गर्नुभएको खराउको चप्पल, महागुरुको केश, चिम्टा, त्रिशूल र खुर्मीहरू महागुरुकालीन माङहिमहरूमा अहिले पनि सुरक्षित रहेको छ।

### महागुरूको उपनाम

महागुरु फाल्गुनन्दको न्वारनको नाम नरधोज राखिएको थियो। तर पनि नानीहरु जन्मिँदै मरेकाले महागुरुको जन्म भएपछि जीवनरक्षाका लागि फलामको चुरा लगाइदिँदा दीर्घायु हुन्छन् भन्ने जनविश्वास भएकाले महागुरुलाई फलामको चुरा लगाइदियो। यसले गर्दा उहाँको बोलाउने नाम फलामसिं हुन गयो।

महागुरुले लिम्बूवानवासीलाई एकैठाउँमा भेला गरेर तत्कालीन किराँत समाजमा रहेको विकृति, विसङ्गतिलाई हटाउने उद्देश्यले १० लिम्बूवान १७ थुमका किराँत समुदायलाई विसं १९८८ वैशाख २४ गते भेला गराएर सात बुँदे सत्यधर्म मुचुल्का पारित गर्नुभयो। महागुरुलाई ध्यानी, तपस्वी, सत्यहाङमा, महागुरु, फलामसिं र मुहिङगुम अङसीमाङ, राष्ट्रिय विभूति उपनामले समेत चिनिनुभएको छ।

**महागुरु फाल्गुनन्दको न्वारनको नाम नरधोज राखिएको थियो। तर पनि नानीहरु जन्मिँदै मरेकाले महागुरुको जन्म भएपछि जीवनरक्षाका लागि फलामको चुरा लगाइदिँदा दीर्घायु हुन्छन् भन्ने जनविश्वास भएकाले महागुरुलाई फलामको चुरा लगाइदियो। यसले गर्दा उहाँको बोलाउने नाम फलामसिं हुन गयो।**

फाल्गुनन्दले ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकामा अवस्थित कुम्भकर्ण हिमशृ ला किराँत धर्मावलम्बीको तीर्थभूमि, मुक्तिभूमि तीर्थस्थलको रूपमा सेन्चेइ फक्ताङलुङ (कुम्भकर्ण हिमशृ ला)मा सर्वप्रथम १९९३ सालमा उहाँले तीर्थयात्रा गरेर ढोका खुला गरिदिनुभएको छ। पहिलो फक्ताङलुङको यात्रामा महागुरुले फक्ताङलुङको फेदीमा पुगेर ठूलो सेवा लगाएर फर्किनुभएको उहाँको जीवनीमा उल्लेख छ। विसं १९९५ मा फक्ताङलुङ जाँदा पारुङतेम्बेमा धर्मशालासमेत निर्माण गर्नुभएको थियो।

### किराँत माङहिम निर्माण

लिङ्देन महागुरु फाल्गुनन्दले विभिन्न थुम थुममा (विभिन्न जिल्ला)हरू मामाङहिम (किराँत मन्दिर)हरू निर्माण गर्नुभएको छ। विसं १९८५ मा पान्थरको चोकमागु-३ मा लब्रेकुटी-८ जिल्ला माङहिम स्थापना गर्नुभयो। किराँत साङसेन वरक चोत्लुङ माङहिम र १९८८ सालमा सत्रथुम गोश्वारी युमा माङहिम लोब्रेकुटीमै निर्माण गर्नुभयो।

विसं १९८६ मा इलामको चुक्चीनाम्बा गैरीगाउँ इभाङमा किराँतेश्वर हाङसाम माङहिम (किराँत हाङसाम फाल्गुनन्द माङहिम) र १९९७ सालमा ताप्लेजुङमा किराँत हाङसाम माङहिम निगुरा दिन स्थापना गर्नुभएको थियो। त्यसैगरी किराँत नाम्भुनयक माङहिम सिलौटी पाँचथर, काबेली माङहिम साब्लाखु ताप्लेजुङ र किराँत हाङसाम नाम्गेनयक माङहिम जीतपुर इलाममा पनि माङहिम निर्माण गर्नुभएको थियो। विसं १९९५ मा फक्ताङलुङ पारुङतेम्बेमा धर्मशाला र १९९५ सालमा पाँचथर रानीटारमा सिलौटी कुटी स्थापना गर्नुभयो। त्यसैगरी भुटानमा समेत माङहिम निर्माण गर्नुभएको थियो।

महागुरु फाल्गुनन्द लिङ्देनको महत्वपूर्ण र ऐतिहासिक कार्यको रूपमा रहेको सत्यधर्म मुचुल्का नै उहाँलाई समाज सुधारकको रूपमा परिचित गराई राष्ट्रिय विभूति बनाउने सूत्र बन्यो। लिम्बूवानवासी सबैलाई एकै ठाउँमा भेला गरेर तत्कालीन किराँत समाजमा रहेको कुरीति कुसंस्कारलाई हटाउने उद्देश्यले १० लिम्बू १७ थुमका सुब्बा, कारबारी, गन्यमान्य, बुद्धिजीवी, ठूलाठालुलाई पत्र लेखेर १९८८ वैशाख २४ गते पाँचथरको लब्रेकुटीमा बृहत् भेला गराई महाचुम्लुङको आयोजना गर्नुभएको थियो।

पाँचथरको यासोक भदौरेका सुब्बा शेरबहादुर लाओती, तेह्रथुम म्याङलुङका सुब्बा काजीमान तुम्बाहाङफे, धनकुटा चौबीसका सुब्बा प्रेमबहादुर माबोहाङलगायत लिम्बूवानका सबै सुब्बा, कारबारी, गन्यमान्य, बुद्धिजीवी, ठूलाठालु सबैको उपस्थितिमा मुचुल्का खडा गरिएको थियो। सो भेलाले किराँत मुन्धुम, भाषा, लिपि, संस्कार, संस्कृतिसम्बन्धी सात बुँदे मुचुल्का तयार गरेको थियो। सो मुचुल्कालाई सत्य धर्म मुचुल्का नामकरण गरिएको थियो। सत्य धर्म मुचुल्काले समाजलाई समानता, अहिंसा, शान्ति र प्रकृति पूजाको दिशामा मार्गनिर्दिष्ट गरेको छ।

सत्य धर्म मुचुल्काकाले छोरी चेलीको सोतरित नखानु, (दाइजो) नलिनु, माङसेवा गर्दा, (पूजापाठ) गर्दा बिहेभोज गर्दा, सुध्याई गर्दा जीवको हत्या नगर्नु, बलिपूजा नगर्न जोड दिएको छ। मृतकलाई पिण्ड चढाउँदा मदमदिरा, मासुको प्रयोग नगर्नु, मृत्यु सुतक बार्नु, वृद्धि सुतकलाई समेत ध्यान दिनु, मदमदिरा, मासु मंस सेवन नगर्नु भनेर शाकाहारी जीवन पद्धतिलाई विशेष जोड दिएको पाइन्छ।

छोरा र छोरीमा विभेद्को अन्त्य गर्नु, लैङ्गिक, जातीय, वर्गीय विभेद्को अन्त्य गर्नु, मातृभाषाको शिक्षामा जोड दिनु, ठाउँठाउँमा माङहिम र स्कुल निर्माण गर्नु, सादा जीवनशैली अपनाउनु, विचारले उच्च हुनु, उत्पादनशील बन्नु, स्वावलम्बी बन्नु, विश्व शान्ति तथा मानव एकता कायम राख्नुजस्ता समाज सुधारका महत्वपूर्ण बुँदाहरूलाई मुचुल्काले सशक्तरूपमा उठान गरेको छ। लामो समय मुन्धुम मौखिक परम्परामा रहेकोले हराउँदै गएको र मुन्धुमलाई लिपिबद्ध गर्न पनि मुचुल्काले जोड दिएको छ।

### महागुरूको देन

महागुरु फाल्गुनन्दले गलत मार्गमा दौडिरहेको संस्कारलाई दिशावोध गराएर किराँत धर्म दर्शनको रूपमा सतमार्ग, सुसभ्य मार्गको रुपमा किराँतीहरूलाई डोऱ्याएर साथै साम्जीक मुन्धुमलाई संहिताकरण गरेर किराँत समुदायको निमित्त सुसंस्कृति समाज निर्माण गर्नुभएको थियो। लोपोन्मुख अवस्थामा रहेको किराँत लिपिलाई प्रचार-प्रसार गरी ब्यूँताउनुभएको थियो।

यसरी नै विश्व शान्ति र मानव एकताको शत्त घोष गर्दै सत्य, शान्ति र अहिंसाको मार्ग देखाउनुभयो। समाजमा रहेको जातीय, वर्गीय, लैङ्गिक विभेदको अन्त्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले सादा जीवनशैली अपनाई सधैँ उत्पादनमुखी, सीपमुखी हुनुपर्ने, परिवर्तन र विकासको लागि, पहिचान र सभ्यताको लागि मातृभाषा शिक्षालाई समेत प्राथमिकता दिई अघि बढ्नुपर्ने कुरामा महागुरुले सदा दिशावोध गराउनुभएको थियो।

किराँतीहरूको आफ्नो धर्म, भाषा, लिपि, साहित्य, संस्कार संस्कृति लोप हुन लागेको अवस्थामा किराँत सभ्यताको ज्योति बनेर जन्म लिनुभएका महागुरु फाल्गुनन्दले कुरीति र कुसंस्कारको दलदलमा रुमालिएको किराँत समाजलाई सभ्य र सुसंस्कृत बनाउन जीवन नै समर्पण गर्नुभएको थियो। सत्य, शान्ति र अहिंसाका सूत्रधारको रूपमा सबैमाझ पुज्य हुनुभएका फाल्गुनन्दले देश, विदेशका विभिन्न ठाउँमा पुगेर सभ्य समाज निर्माण गर्नमा जीवनपर्यन्त लागिपर्नुभयो।

### फाल्गुनन्द प्रतिमा स्थापना

फाल्गुनन्दको विभिन्न भूभागहरूमा प्रतिमा निर्माण भएको छ। व्यक्तिगतरूपमा विभिन्न ठाउँमा पहिलेदेखि स्थापना हुँदै आएको भए पनि संस्थागतरूपमा सबैभन्दा पहिले एकै दिन झापाको दमकमा र इलामको माङसेबुङस्थित भञ्ज्याङमा २०६१ कात्तिक २५ गते महागुरु फाल्गुनन्दको प्रतिमा स्थापना भएको थियो। त्यसपछि उहाँकै कर्मभूमि पाँचथरको फिदिम नगरपालिकास्थित चोकमागु लब्रेकुटीमा महागुरुको प्रतिमा निर्माण गरिएको थियो। यसैगरी तेह्रथुमको आठराई संक्रान्ति बजार, झापाको दमक नगरपालिकास्थित बेलडाँगीमा र बुद्ध शान्ति गाउँपालिकास्थित शान्तिनगरमा समेत महागुरुको प्रतिमा निर्माण गरिएको छ।

पाँचथरकोमिक्लाजुङगाउँपालिकास्थित रविबजार र तुम्बेवा, पान्थरको फेदेन, झापाको अर्जनधारा, ताप्लेजुङको धार्मिक तीर्थस्थल पाथीभरा क्षेत्र (मुक्कुम्लुङ) र मोरङको मिक्लाजुङ गाउँपालिका टाँडीमा पनि उहाँको प्रतिमा स्थापना गरिएको छ। त्यसैगरी मोरङको केराबारी र लेटाङमा साथै सुनसरीको भरौलमा ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६ साँगुस्थित तागेरा निङवाभू कोपीयक माङहिममा र फक्ताङलुङ गाउँपालिकाकै खेजेनिममा पनि महागुरु फाल्गुनन्दको प्रतिमा स्थापना गरिएको छ। फाल्गुनन्दको १३८औँ जन्मजयन्तीको अवसरमा ताप्लेजुङको सदरमुकाम फुङलिङ बजारमा स्थापना गरिएको महागुरु फाल्गुनन्दको शालिक मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा अनावरण हुँदैछ।

### राज्यबाट सम्मान

महागुरु फाल्गुनन्द लिङ्देनलाई राज्यले राष्ट्रिय विभूतिको रुपमा सम्मान गरेको छ। महागुरु फाल्गुनन्दको नाममा रु १५ को हुलाक टिकट राज्यले सार्वजनिक गरेको छ। महागुरु फाल्गुनन्दको नाममा नेपाली पाठ्यक्रममा संक्षिप्त जीवनीसमेत प्रकाशन गरेको छ भने २०६६ मंसिर १६ गते नेपाल सरकारले उहाँलाई राष्ट्रिय विभूति घोषणा गरेको छ। किराँत धार्मिक संस्थाहरूले २०७१ वैशाख २४ गते महागुरुको जन्मजयन्तीलाई किराँत चाडपर्व घोषणा गरेको थियो।

महागुरुको सम्मानमा हरेक वर्ष कात्तिक २५ गते जन्मजयन्ती पर्व, चैत २२ गते स्मृति दिवस र वैशाख २४ गते समाज सुधार दिवससमेत मनाउने गरिएको छ। झापाको दमकबाट इलामको माङसेबुङ हुँदै पाँचथरको चिसोपानी पञ्चमी, रवि जोड्ने सडकखण्डलाई फाल्गुनन्द मार्ग घोषणा गरिएको छ। मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्दले २००५ चैत २२ गते सोमबार अपराह्न ६३ वर्षको उमेरमा पाँचथरको सिलौटी मुनि हाङयकमा देहत्याग गर्नुभयो।रासस

# बारामा राजनीतिक दलका उम्मेदवारलाई टक्कर दिँदै स्वतन्त्र

**टुडे समाचारदाता**

वीरगञ्ज। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा बारा निर्वाचन क्षेत्र नं २ बाट राजनीतिक दल र स्वतन्त्र उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने भएको छ। बारा निर्वाचन क्षेत्र नं २ मा पुरुष ५८ हजार सात सय ४२ र महिला ४६ हजार दुई सय ६९ मतदाता छन्। जिल्लामा ८२ मतदानस्थल र एक सय ३६ मतदान केन्द्रको व्यवस्था गरिएको छ। राजनीतिक दलबाट ११ जनासहित २२ उम्मेदवार चुनावी मैदानमा छन्।

राजनीतिक दलबाट जसपाका रामसहायप्रसाद यादव, नेकपा (माओवादी केन्द्र) का शिवचन्द्र कुशवाहा तथा स्वतन्त्र रवीन्द्रप्रसाद यादव र रामकिशोर यादवबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ। यी चारै उम्मेदवारको मतदाताबीच राम्रो पकड छ।

प्रदेशसभा (क) मा राजनीतिक दलबाट छ र स्वतन्त्रबाट सात उम्मेदवार चुनावी मैदानमा छन्। एमालेका बलवीरप्रसाद चौधरी, लोकतान्त्रिक समाजवादीका मोतीलाल प्रसाद र स्वतन्त्रका शारदाशङ्करप्रसाद कलवारबीच कडा प्रतिस्पर्धा हुने बताइन्छ। बलवीरप्रसाद संविधानसभा सदस्य रहिसकेका छन्। सारदाशङ्कर २०७४ प्रदेशसभा निर्वाचनमा विजयी भएका थिए। यस क्षेत्रमा महिला २३ हजार पाँच सय ७४ र पुरुष २८ हजार आठ सय २९ मतदाता छन्। यहाँ ४२ मतदानस्थलमा ६९ मतदान केन्द्रको व्यवस्था गरिएको छ।

यसैगरी प्रदेशसभा (ख) मा राजनीतिक दलका छ र स्वतन्त्र नौ गरी १५ उम्मेदवार छन्। जसपाका बच्चा राउत अहिर, कांग्रेसका रामअयोध्याप्रसाद यादव र जनमत पार्टीका गजानन्दप्रसाद यादवबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने देखिन्छ। अहिर २०७४ मा प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए। यस क्षेत्रमा पुरुष २९ हजार नौ सय १३ र महिला २२ हजार छ सय ९५ मतदाता छन्। यहाँ ४० मतदानस्थलमा ६७ मतदान केन्द्रको व्यवस्था गरिएको छ।

# प्रहरीद्वारा ३८ भारतीय नागरिकको उद्धार



**टुडे समाचारदाता**

गौर। रौतहटमा अलपत्र अवस्थामा रहेका ३८ जना भारतीय नागरिकलाई प्रहरीले उद्धार गरेको छ।

स्थानीय परोहा नगरपालिका ४ स्थित अमन ईंट्टा उद्योगमा कामदारको रूपमा आएर अलपत्र रहेका भारत उत्तर प्रदेशको अलियारपुर बस्ने २० जना पुरुष १८ जना महिला तथा बालबालिकालाई इलाका प्रहरी कार्यालय राजपुरका प्रमुख सई अरुण सिंहको नेतृत्वमा गएको टोलिले उद्धार गरेको हो।

भारतीयहरु अलपत्र अवस्थामा रहेको सूचनाको आधारमा गएको टोलीले उनीहरुको उद्धार गरी भारत बिहार राज्य जिल्ला सितामढी बैरगनिया स्थित सीमा सुरक्षा बल एसएसबीको जिम्मा लगाएको रौतहट प्रहरी प्रवक्ता डीएसपी सुनिल मल्लले रातोपाटी लाई जानकारी दिएका छन।

# ११ चौपाया जलेर नष्ट

**टुडे समाचारदाता**

गौर। रौतहटको पूर्वी भेग दुर्गाभगवती गाउँपालिकामा गए राती एक घरमा भएको आगलागीमा परेर एक दर्जन चौपाया जलेर नष्ट भएका छ। आगलागीबाट लाखौंको क्षति भएको छ।

दुर्गा भगवती गाउँपालिका ४ पचरुखीका लक्ष्मण महतोको घरमा गए राती ११ बजे आगलागी भएको थियो। आगलागीबाट गोठमा रहेको एउटा भैंसी, ,१० वटा ,खसी बाख्रा, केही काठ, धान, गहुँ, लत्ताकपडा जलेको तथा घरमा पनि पूर्ण रुपमा क्षति भएको पीडित



परिवारले जनाएका छन्। लामखुट्टे धपाउन बालिएको घुपबाट सल्किएर भएको आगलागी बाट १० लाख रूपैयाँ बराबरको क्षति भएको छ।

## तपाईको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : धन बृद्धि सञ्चय। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मदिरा बिक्री वितरणमा रोक




**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रशासन कार्यालय धनुषाले मदिरा बिक्री वितरणमा रोक लगाएको छ । शनिबारदेखि लागु हुने गरी चुनाव सम्पन्न नभएसम्म मदिरा बिक्री वितरणमा रोक लगाइएको छ ।

शान्ति, सुरक्षालाई दृष्टिगत गर्दै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लाभरि मदिरा बिक्री वितरण तथा ओसारपसारमा रोक लगाइएको धनुषाका सहायक जिल्ला अधिकारी अनुज भण्डारीले जानकारी दिए। निर्वाचन स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न गराउन एक साता अगावै मदिरामा रोक लगाइएको सूचनामा उल्लेख गरिएको छ।

सूचनालाई अवज्ञा गरी मदिरा बिक्री वितरण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिने विज्ञप्तिमार्फत जनाइएको छ।

प्रशासनले निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका २०७८ को दफा ६(थ)मा भएको सर्वपक्षीय समन्वय बैठकको निर्णय अनुसार मदिरा बिक्री वितरणमा रोक लगाइएको हो।

# पोलियोविरुद्ध खोप लगाउने समय तालिका परिवर्तन

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले बालबालिकालाई दिइने पलियोविरुद्धको एफआईपी खोप लगाउने समय तालिका परिमार्जन गरेको छ। स्वास्थ्य तथा जनसर्‍या मन्त्रालयले इनएक्टिभेटेड पोलियो भ्याक्सिन लगाउने तालिका परिवर्तन गरेको हो।

सरकारले मन्त्रीस्तरीय निर्णय गर्दै खोप तालिका परिवर्तन गर्ने निर्णय गरेको मन्त्रालय अन्तर्गतको परिवार कल्याण महाशाखाद्वारा जारी सूचनामा उल्लेख गरिएको छ । महाशाखाका अनुसार हाल प्रभावकारिताका लागि पोलियो विरुद्धको खोपको समय तालिका परिवर्तन गरिएको महाशाखाका जनस्वास्थ्य अधिकृतद्वारा जारी सूचनामा उल्लेख गरिएको छ । यसअघि प्रत्येक बालबालिकालाई ६ र १४ हप्तामा गरी २ मात्रा र सोही उमेर समूहमा छुट भएका ५ वर्ष भित्रका बालबालिकालाई ८ हप्ताको फरकमा खोप दिँदै आइएको थियो।

विश्व स्वास्थ्य संगठनको सुझावका आधारमा खोप सल्लाहकार समितिले एफआईपिभी नियमित खोप प्रत्येक बालबालिकालाई पहिलो मात्रा १४ हप्ता र दोस्रो मात्रा ९ महिनामा दिन भनेको छ।

# व्यापारिक पार्क अवलोकन

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताको नेतृत्वमा रहेका व्यापारिक भ्रमण प्रतिनिधिमण्डलले शुक्रबार भियतनाम चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रीका पदाधिकारीहरु सहित होचिमिह सिटीमा रहेको प्रो ट्रेड इन्टरनेशनल टेक पार्क अवलोकन भ्रमण गरेका छन् ।

वीउवासङ्घ र भियतनाम चेम्बरका उद्योगी व्यापारीहरु बीचको भएको छलफल तथा भियतनामका उद्योगी व्यवसायीहरुले होचिमिह सिटीमा रहेको प्रो ट्रेड इन्टरनेशनल टेक पार्क भ्रमण र अवलोकनका लागि गरेको आग्रह अनुसार सङ्घको टोलीले सो व्यापारिक पार्कको भ्रमण अवलोकन गरेका थिए । उक्त अवसरमा सङ्घको भ्रमण टोलीले व्यापारिक पार्कका महानिर्देशकसंग भेटघाट तथा अन्तरक्रिया गरेका थिए।

अन्तरक्रियाको क्रममा व्यपारिक पार्कका महानिर्देशकले व्यापारिक पार्कको विशेषताबारे जानकारी गराएका थिए । मुख्य विशेषता सम्बन्धमा महानिर्देशकले भने यस व्यापारिक पार्कमा कुनै व्यवसायीलेत्यहाकोजग्गारभवनका लागि एक पटक लगानी गर्दा ५० बर्षसम्मको लागि प्रभावकारी हुन्छ र ५० बर्षपछि मात्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको छ।



जसले गर्दा यस व्यवसायिक पार्कमा विश्वका धैरै जसो देश अमेरिका, जपान, कोरिया युरोपेली मुलुकहरुका साथै अफ्रिकी मुलुकका उद्योगी व्यवसायीहरुको अत्याधिक लगानी रहेको जानकारी गराए।

देशको आर्थिक विकासका लागि अर्थकर्मीहरुको प्रमुख भूमिका हुने रहेछ भन्ने कुरा सुनेका थियौं तर आज स्थलगतरुपमा अनुभव गरेको सङ्घका अध्यक्ष गुप्ताले बताए।

उनले, यस किसिमको सुविधा नेपाल सरकारले पनि उपलब्ध गराउन सक्यो भने नेपालको आर्थिक सबलता अन्य मुलुक भन्दा अगाडि रहने बताएका थिए।

वीरगञ्ज पथलैया औद्योगिक कोरिडोरको सिमरामा नेपाल सरकारले स्थापना गरेको इपीजेडकोमा जग्गाको मूल्य धैरै रहेकोले उद्योगी व्यवसायीहरु उक्त ठाउँमा उद्योग लगाउन सकि रहेका छैनन् अध्यक्ष डा.गुप्ताले बताएका थिए। वैदेशिक लगानी कसरी भित्र्याउने र भित्री सकेको लगानीलाई कसरी प्रवर्द्धन गर्ने हामीले सिक्नै पर्ने भएकोले यस व्यवसायिक भ्रमणले धेरै कुरा सिक्ने मौका पाएकोमा डा. गुप्ताले प्रसन्नता व्यक्त गरेका थिए।

उक्त भ्रमण प्रतिनिधिमण्डलमा सङ्घका निवर्तमान अध्यक्ष गोपाल केडिया, उपाध्यक्ष माधव राजपाल, महासचिव मनोजकुमार दास, सचिव अरविन्द्र अमात्य, सह-कोषाध्यक्ष प्रेमचन्द्र गोयल, सह-सचिव अनोज रुगटा, का.स.स. सुनिलकुमार खेतान, रविन्द्रकुमार बरनवाल, मनोजकुमार शर्मा, नरेशकुमार टिबडेवाल, शिवजीप्रसाद साह, मुरली जालान, प्रमोदकुमार चौरसिया, पन्नालाल प्रसाद साह, प्रकाश खण्डेलवाल, अंकितकुमार खेतान, प्रभात रुँगटा, बुद्धिप्रसाद पन्त, डा. लक्ष्मी थापा लगायतको सहभागिता रहेको छ।

## संबिधान पुर्नलेखन बाबु यादवको यूटर्न

# ‘मधेशबाद छाडेर, ओलिबाद’ अंगाल्दै

**अनिल तिवारी**



वीरगञ्ज। चुनावी प्रचार प्रसार उत्कर्समा छ । उम्मेदवार लगायत दलकानेता तथा कार्यकर्तालाई भ्याई,नभ्याई छ । घरदैलो देखि कोण सभा र समाजिक संजाल एवम मिडिया व्यवस्थापन अहिले चुनावी प्रमुख कामहरु रहेका छन । आफुतिर दनमत आकार्षित गर्न सबै उम्मेदवारका लागी मुख्य चुनौतीका बिषय यस्तै कुरा बनेका छन् । बिपक्षीलाई चुनावी मैदानमा हराउन यी सबै कुरालाई उत्कृष्ट बनाउने काममा हरेका उम्मेदवारका आसेपासे होमिएका छन् ।

पांच बर्षको अन्तराल पछि अहिले मधेसको जनमत परिवर्तीनको पक्षमा छ । कुनै बेला मधेसका महिसा भनाउनउन रुचाउने उपेन्द्र यादव एमालसंगको गठबन्धन पछि ओलीपथमा हिडेको अधेसको कडा आक्रोस छ्। मधेस आन्दोलनको रापतापमा चुनाव जितेसंगै सविधान पुर्नलेखन वा संशोधन भन्दा पनि केन्द्रिय सरकार बनाउने भत्काउन खेलमा पांच बर्षसम्म लागेकोले पनि मंसिर ४गते त्यसको प्रतिउत्तर दिन आतुर रहेको देखिन्छ।

समग्र मधेस सहितको स्वायत प्रदेश स्थापना गराएर मधेसलाई मुक्ति दिलाउन गठन भएको मधेसी जनअधिकार फोरमको अध्यक्ष बने देखि उपेन्द्र यादवले स्थापित गरेको १५बर्षको बिरासत जोगाउन महिले धौ धौ परेको छ। मधेसी दल प्रति देखिएको मधेस आक्रोसबाट जोगीन उनी मधेसवाद छाडेर ओलीको राष्ट्रवादी अभिनयको सहकर्मी पात्र बनेको चर्चा जसपा भित्रै चलिरहेको छ।

खास गरेर अहिले दुबै मधेसीलाई राष्ट्रिय पार्टिको लागी थ्रेसहोल्ड जोगाउन ठुलो चुनौती आइपरेको छ । जसपालाई मधेसबाट थ्रेसहोल्ड कटिन आइपरेको आफतबाट जोगीन उनी आफ्नो चुनावी मुदालाई यूटर्न गर्दै ओलीको राष्ट्रवादी नारालाई चुनावी प्रचार प्रसारका मुदाहरु बनाएका छन्।

सविधानको घोषणा पश्चात भएको मधेस आन्दोलन र ६ महिनाको नाकाबन्दीमा सविधान संशोधन होइन,पुर्नलेखन गराउने छु भन्दै उपेन्द्र यादव र उनको पार्टी चुनावबाट ठुलो जनमत पाएको थियो । तर चुनाव पछि सविधान पुर्नलेखन वा संशोधनको कुरै परजाओस मधेसीलाई झक्याउन आलीसंग झुठो सम्झौता गरेर ओली सरकारको उपप्रधान तथा स्वास्थ्य मन्त्री बन्न सफल भए।यता मधेसमा पाएको जनमतले मधेसी गठबन्धनको प्रदेश सरकार बन्यो जसको मुख्यमन्त्री लालबाबुराउत गदि बने।

यादव र उनका मुख्यमन्त्री लालबाबु राउत लगायतका जनप्रतिनिधिहरुको लागी मधेस आन्दोलन र मधेसी युवाहरुको सहादत सत्ताभोग प्राप्तिको साधन मात्रै प्रमाणित भयो । त्यसमा पनि केन्द्र देखि प्रदेशसम्म मन्त्रीको लागी मधेसी नेताले गरेको हानथापले मधेसी सहिदको आत्मालाई निश्चय नै दुखि तुल्याएको छ।

ओली सरकारमा बसेपनि प्रचन्डको खबरी भएको आरोपमा आलीले सरकारबाट बेइज्जत निश्कासित गरेपछि उपेन्द्र यादव रिसिभि साधन उनी बिरोधमा जाइलागे । आफनै सांसदहरुले पार्टी फोड्न लागेपछि विभिन्न ठाउमा हार गुहार गर्दै दुबै मधेसी दललाई एकिकरण गराए।जसपा पार्टीद्धारा कुनै निर्णय नगरिए पनि बिपक्षीद्धारा संसदमा ल्याइएको ओली सरका बिरुद्धको अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्दै ओली प्रतिगमनकारी भए भन्दै जसपालाई टुक्र्याउनमा उपेन्द्र यादव पछिपरेनन । सबै ठिक भएपनि रातारात उपेन्द्र यादवमा आउने परिवर्तन पुन चुनाव अघि देखियो ।पार्टीमै विदेशीदुतावासका कन्सुलरलाई बसाएर आफ्नै नेताहरुलाई कार्यवाहि गर्ने र आलीलाई प्रतिगमनकारी भन्ने आलीसंग राता रात गठबन्धन गर्नु कुरा अर्कासंग जोडिएको पार्टीकै नेताबिच चर्चाको बिषय रहदै आएको छ।

सधै मधेसको कुरा गर्दै आएका उपेन्द्र थ्रेसहोल्ड कटाउने अहिले हिमाल ,पहाड र तराइको कुरा गर्दै सरकार मार्फत जनताको समान हक, पहुँच र मुक्तिको कुरा गर्दै जनमतलाई लोभ्याउने कोशिसमा छन् ।तर त्यो दिवासप्न जस्तो देखिएको छ।

चुनाव जितेपछि आफ्ना मतदाता समक्ष गरेको वाचा पुर्णरुपमा असफल भएकोले उनको पराजय हुने निश्चित भएको अकलन गर्न थालिएको छ। पहिलो मधेस आन्दोलन पछि बिराटनगरलाई राजनैतिक कार्यक्षेत्र बनाए यादव दोश्रो सविधान सभाको चुनावमा नराम्रोसंग हारेका थिए । सविधानको घोषणा पछि भएको ६ महिने मधेस आन्दोलन पछि रेणु यादवको सहयोगमा सप्तरीको प्रतिनिधि सभा क्षेत्र नम्बर २ बाट चुनाव जिते पनि यसपालीको निर्वाचन फलामको चिउरा चपाए झै छ।

मधेस आन्दोलनको रापतापमा चुनाव जितेका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव राजधानी मुखि बनेको कारण यसपालिको चुनाव गाह्रो भएको हो। बितेको पांच बर्षमा अधिकास समय उपेन्द्र यादव र उनका नेताहरु सरकारमा सहभागी रहेपनि राष्ट्रिय अध्यक्षको आफ्नौ क्षेत्रको अवस्था जरजर छ।‘विसकाको त कुरै छोडनुस,पांच बर्षमा यादवजी निर्वाचान क्षेत्रमा पनि कतिपट आउनु भयो उहालाई नै थाहा होला‘ भन्दै तिलाठी बर्षाइनका गाउलेहरुको आरोप छ।

सप्तरी क्षेत्र नं. २ पिछिडिएको क्षेत्र भएकाले स्थानीय जनताले पछिल्ला निर्वाचनमा अध्यक्ष यादव राष्ट्रिय नेता भएकोले केही गर्लाकी ? भन्ने ठुलो आसा लिएका थिए।तर जुन गोरु आए पनि उखान जस्तै नेता यादवको पनि ५बर्ष पनि बितेको छ ,चुनावी क्षेत्र अवस्था जरजर छ।

सप्तरी क्षेत्र नं. २ अर्न्तगतका हनुमान नगर देखी इनरुवा, भगवानपुर, कोइलाडी वरसाइन, कट्टि, सकरपुरा र बेलही हुंदै कुनौली भन्सार सम्मको बाटोमा भएका पुलहरु भत्किएको छ। सिमा जोडिने जोडने ६० फिट चौडा राजमार्ग सडक मर्मत सम्भार तथा पुनरनिर्माण नहुंदा १०-१२ फिट चौडाइमा सिमित भएको अवस्था छ।

बाढि आउदा खेतीवारी र घर बगाउने खतरा कायमै छ भने कतिपय गाउ टोलमा कुनै आपतकालिन घट्ना जस्तै आगलागी र कोही विरामी परे समयमा सहज तरिकाले एम्बुलेन्श र बारुणयन्त्र समेत पुग्न नसक्ने अवस्था रहेको छैन।

त्यसै गरी सप्तरी जिल्ला सदरमुकाम राजविराज देखी तोपा, मनसापुर, इनरुवा हुंदै हनुमाननगर जाने मुख्य बाटोको अवस्था ४० वर्ष देखि उस्तै छ ।खासै परिवर्तन नभएकोले जता ततै खाल्डा खुल्डी रहेका छन । जुन बाटोबाट दैनिक सैकडौ सवारी साधनलाई आउने जाने गर्दछन्।

सप्तरी क्षेत्र नं. २ बाट निर्वाचित भएर गए पछि अध्यक्ष यादव पछिल्लो ५ वर्षमा साढे ३ वर्ष आफै उपप्रधानमन्त्री रहेका थिए भने उनकै पार्टीकी नेतृ सप्तरी जिल्ला निवासी रेणु यादव भौतिक पुर्वाधार तथा यातायात मन्त्री ५ वर्षनै रहीन तर पनि आफु निर्वाचित क्षेत्रमा सुन्य विकाश गरेका छन भने जिल्ला सदरमुकाम स्थित रहेको एक मात्र रंगशाला गौचरणमा परिणत भएको भएछ।

सप्तरी जिल्लाबाट जसपाका अध्यक्ष सहित रेणु यादव र मृगेन्द्र सिंह यादव सरकारमा सहभागी भए पनि जिल्ला तथा निर्वाचित क्षेत्रका लागी खासै केही नगरेको आरोप स्थानीयहरुको छ।

पछिल्लो ५ वर्षमा केही विकाश नगरेका अध्यक्ष यादवले यसपाली भने उपलब्धी रक्षाको मुद्दा लिएर चुनावी मैदानमा उत्रिएका छन। सप्तरी क्षेत्र नं. २ मा अध्यक्ष यादव संगै जनमत पार्टीका अध्यक्ष डा. सिके राउत र सत्ताधारी गठबन्धनको तर्फबाट लोकतान्त्रीक समाजवादी पार्टीका नेता जयप्रकाश ठाकुर चुनावी मैदानमा उत्रिएका छन।

यता मुख्यमन्त्रीको पर्सा जिल्लाको तिलावे पुलको किनारमा सहिद पार्क निर्माण योजना अधुरै छ । निर्माणाधिन पार्कमा स्थापना गरिएका सहिदहरुको आंखा छोपिएको कपडा उदघाटन पछि हटाउने हो,तर त्यो उदघाटन सहिदहरुको लागी सपनाको बिषय बनेको छ।मुख्यमन्त्री कार्यालयको प्रत्यक्ष निगरानीमा निर्माण हुने उक्त योजना अधुरो र अपुरो छ। जसलाई सहिदको सम्मान भन्दा पनि अपमान गरिएको जन गुनासो छ।

मधेस आन्दोलनमा अग्रनी भूमिका निभाएको वीरगन्ज महानगरपालि वार्ड नम्बर १६ को नगवा र इनर्वा मधेसी दलको लागी सबै भन्दा ठुलो भोट बैक भएको वार्ड हो । मुख्यमन्त्रीको आफ्नै निर्वाचन क्षेत्रमा रहेको उक्त वडामा पनि जसपालाई ठुलो बिरोध बेहोर्नु परेको छ । मतदाताको चर्को बिरोध पछि इनर्वाबाट मुख्यमन्त्रीलाई इज्जत जोगाउन शुक्रबार हम्मे हम्मे परेको थियो। नगवा र इनर्वा दुबै गाउबाट मख्यमन्त्री लगायत जसपाका उम्मेदवारहरु लखेटिएका छन । विकास भन्दा पनि मुख्यमन्त्रीले भ्रष्टाचारलाई प्राथमिक्ता दिएको भन्दै व्यापक बिरोध खेप्नु परेको छ।मुख्यमन्त्रीले गरेको हरेक भ्रष्ट्राचारको साक्षी केन्द्रि अध्यक्ष उपेन्द्र यादव छन ।किनभने मुख्यमन्त्रीको सचिवालयमा मुख्यमन्त्री भन्दा पनि उपेन्द्र यावदका चहेताहरु बढी न्यूक्त गरिएका थिए।मुख्यमन्त्रीले गरेको हरेक भ्रष्ट्राचारको खबर र भागबन्डा दुबै अध्यक्षलाई पुग्ने गरेकोले पनि ५बर्ष लालबाबु आफ्नो सत्ता जोगाउन सफल भएका हुन । उनले ल्याएको मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत बारा र पर्सामा मात्र पोखरी सौन्दर्यीकरणका आधा दर्जन भन्दा बढी योजनाहरु अल्पत्रमा छन ।त्यसपनि मुख्यमन्त्रीको आफ्नै प्रादेशिक चुनावी क्षेत्रमा रहेको वीरगन्जको नगवा,मुर्ली लक्ष्मणवा लगायतका पोखरीहरु रहेका छन्।सबै पोखरी निर्माणको ठेक्का मुख्यमन्त्रीका चहेता उनकै पार्टि प्रदेश सभासदस्य सिगासन साहको कम्पनिले लिएको छ।

सुशासन राष्ट्, व्यवस्थाको अस्तित्व र समृद्धिका लागि अपरिहार्य पूर्वसर्त हो। नेपालको सुशासनको अवस्था र सम्भावना दुवैलाई गर्तमा पुऱ्याउने एकल मुख्य कारण भ्रष्टाचार हो। मधेसको राजनिति मुख्य रुपमा राजनीतिककर्मी-ठेकेदार-कर्मचारीतन्त्रको त्रिकोणीय स्वार्थ साझेदारीले गहिरो जरा गाडेको देखियो। र, भ्रष्टाचार नियन्त्रणका राज्यका सबै निकाय यो माखेसाङ्लोको जकडमा परेका परिरहे।

२०४६सालको पहिलो प्रजातान्त्रिक आन्दोलन पछि नेपाल सदभावना पार्टीले मधेको मुदाहरुलाई उठाउदै आएपनि मधेसि जनअधिकार फोरम त्यसबेला सबै दलमा रहेका मधेसीहरुको साझा मंचरुपमा स्थापित भएको थियो ।फोरमको नेतृत्वमा मधेस आन्दोलनले मधेसी, थारू र जनजातिलगायतका पछाडि पारिएकाको सवाललाई उठाएको थियो।तरसत्तालिप्साकै कारण फोरम एउटा पार्टि बन्यो मधेसको मुदा भन्दा पनि सत्ताको राजनैति ध्रुविकरणमा डुब्दै गयो परिणाम स्वरुप उपेन्द्रय यादव रोड पति बाट करोड पति बने तर समग्र मधेस ८जिल्लामा संकुतभयो।

‘आन्दोलन राजनीतिक प्रक्रिया हो, हरेकपटक यो आन्दोलन कर्ताकै पक्षमा सफल हुनुपर्छ भन्ने छैन, तर यसले केही न केही योगदान गरेको हुन्छ, मुद्दा अगाडि बढाएको हुन्छ । जसरी प्रजातन्त्रवादीको पक्षमा परिणाम नआए पनि २०३६ सालको आन्दोलनको जगमा २०४६ को प्रजातान्त्रिक आन्दोलन सफल भयो,’ , ‘पछिल्लो मधेस आन्दोलन मधेसी, थारू जनजातिको मुद्दाको सवालमा २०३६ को घटना सरह हो, यस अर्थमा एउटा २०४६ जस्तो आन्दोलन आउन बाँकी छ।’

पहिलो र दोस्रो मधेस आन्दोलन सम्झौतामा टुंगिदा समावेशी र समानुपातिक प्रतिनिधित्वका सवाललाई तत्कालीन अन्तरिम संविधानमा सामेल गरिएको थियो भने संघीयतालाई संवैधानिक संकल्प बनाउन सफल भएको थियो । तेस्रो मधेस बिद्रोहको संज्ञा दिइएको पछिल्लो पटकको आन्दोलनलाई पाँच वर्ष पछाडि फर्केर हेर्दा त्यसले देशलाई र मधेसलाई के दियो भन्ने सवाल उठिरहन्छ। ‘२०७२ साउन २५ मा टीकापुरमा पुगेर मधेसका नेताले सम्बोधन गरेपछि त्यहाँ चलिरहेको थारू आन्दोलनमा ऊर्जा र जोश थपियो, एकीकृत रूपमा आन्दोलन अगाडि बढ्ने वातावरण बन्यो। साउन ३१ देखि सुरु भएको आन्दोलनमा भदौ १ मा सप्तरीमा प्रहरीको गोली लागी राजीव राउतको मृत्यु भएपछि आन्दोलनमा जनसहभागिता बढ्यो,’ उनले घटनाक्रम सम्झे, ‘पश्चिममा थारूको आन्दोलन, यता मधेसीको आन्दोलन समान माग र मुद्दाको लागि अगाडि बढेको थियो। भदौ ७ मा टीकापुरको घटना भएपछि बलपूर्वक राज्यले थारू आन्दोलन दबाउँदा समग्र आन्दोलनलाई नै क्षति पुग्यो।’

जो उक्त विद्रोहमा होमिए, कुटिए, राज्यको दमनले अंग गुमाए र परिवारका आत्मीय सदस्य गुमाए ती सर्वसाधारण भने ठगिएको महसुस गर्छन्।

आन्दोलन हाँक्नेहरूले संवाद प्रक्रियामा रणनीतिक कमजोरी गरेका कारण आन्दोलनको अवतरण सम्मानजनक हुन नसकेको जानकार हरुको विश्लेषण छ। ‘मधेस आन्दोलनमा जनताको व्यापक सहभागिता र बलिदान भए पनि नेतृत्व पंक्ति विभाजित हुँदा तथा संवाद प्रक्रियामा कमजोर रणनीतिले गर्दा बिनानिष्कर्ष नै आंदोलन टुंगियो जसको परिणाम अहिले मधेसी दल अर्थात उपेन्द्र यावद प्रति ठुलो आक्रोस छ।

उनलाई तुलसी गीरी जस्ता प्रतिगमणकारीको सज्ञा दिन थालिएको छ । निर्वाचनपश्चात सत्ताको राजनीतिक दलदलमा फस्दै जाँदा आन्दोलनको मर्म नै मर्न पुगेको छ ।आफुलाई कुम्यनिष्ट भन्दा राष्ट्रबादी भन्न रुचाउने केपि शर्माओलीको राजावादी,हिन्दुवादी सहितको खिचडि गठबन्धनमा होमिएका उपेन्द्र यादवले मधेसबादलाई त्याग्दै आलीवादमा लागेका छन् ।जसका एकमात्र उदेश्य सत्ता प्रप्ति र १५बर्ष देखिको विरासतको निरन्तरता मात्र हो।

# अमेरिकाबाट ल्याइएको १० किलो गाँजासहित दुई व्यक्ति पक्राउ

काठमाण्डु । अमेरिकाबाट नेपाल ल्याइएको १० किलो गाँजासहित दुई व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयमा बच्चाहरूको सोफा र वाटर डिस्पेन्सरको पार्सलमा लुकाइकाछिपाइ ल्याएको अवस्थामा उक्त १० किलो तीन सय ग्राम लागुऔषध गाँजा बरामद गरिएको प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले जनाएको छ।

ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काका अनुसार विमानस्थलमा उक्त पार्सल लिन आउने सल्यानका ४३ वर्षीय वीरबहादुर बुढाथोकी र उनीसँग गाँजा लिन आएका भारतको पूर्वी चम्पारनका २५ वर्षीय राजा कुमारलाई पनि पक्राउ गरिएको छ।

यसरी १० किलोभन्दा माथि गाँजा उत्पादन, चोरी, पैठारी र ओसार पसार गरेमा दुई वर्षदेखि १० वर्षसम्म कैद र रु १५ हजारदेखि एक लाखसम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको छ । उनीहरूलाई लागुऔषध (नियन्त्रण) ऐन २०३३ बमोजिम अनुसन्धान भइरहेको छ।रासस

# ८७ हजार नक्कली नोटसहित ६ जना पक्राउ

**टुडे समाचारदाता**

गौर । रौतहटबाट नक्कली नेपाली रुपैयाँसहित प्रहरीले ६ जनालाई पक्राउ गरेको छ।

आरोपीहरुको साथबाट ८६ हजार नक्कली नेपाली रूपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी सुनिल मल्लले जानकारी दिए।

बरामद नोट एक हजार दरका छन्। आरोपीहरु मौलापुर नगरपालिकाबाट पक्राउ परेका हुन्। पक्राउ परेकाहरुको नाम प्रहरीले सार्वजनिक गरेको छैन।

# नेपालमा डिजिटल प्लेटफर्म

काठमाण्डु । ओटिटी (ओभर द टप)प्रति आकर्षण लकडाउनको समयमा बढ्यो । घरमै रहन बाध्य दर्शकले मनोरञ्जनको विकल्पका रूपमा डिजिटल प्लेटफर्म रोजे।

अन्तर्राष्ट्रियरूपमा सुरु भइसकेको नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्ने प्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायतका ओटिटी प्लेटफर्म दर्शकका प्रिय बने । नेपालीसमेत उल्लेखित ओटिटीका प्लेटफर्मतर्फ आकर्षित हुँदा नेपालमै रहेका आइफ्लिक्स, भिडियो पसल, सिनेमाघरजस्ता एपले भने धेरै दर्शक तान्न सकेनन्। नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरूपमा खर्च गर्न मिल्ने गरी कार्ड उपलब्ध गराएपछि पनि विदेशी एपमै दर्शक बढेका छन्। आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाएपश्चात बन्द नै भयो।

सिनेमाघर एपसँग सन् २०१८ मै जोडिएका अभिनेता तथा निर्देशक खगेन्द्र लामिछानेले दर्शकलाई एपमा फिल्म हेर्ने बानीको विकास गरिरहेको बताउनुभयो।ँयुट्युबबाट दर्शकलाई एपमा फिल्म हेर्ने बानी बसाउन केही समय निःशुल्क फिल्मसमेत उपलब्ध गराएका थियौँ।

सन् २०१६ मै डिजिटल भविष्य देखेर खोलिएको सिनेमाघरमा दुई वर्षपश्चात म सञ्चालकको रूपमा जोडिएँ’, अभिनेता लामिछाने भन्नुहुन्छ,ँनयाँ फिल्म र ओर्जिनल कन्टेनले दर्शक तान्नेमा विश्वस्त छौँ । हामीले त्यसको तयारी ीसमेत थालिरहेका छौँ।’ उहाँले गत लकडाउनमा पुरानै फिल्ममा समेत दर्शक बढेको बताउनुभयो।

आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिसकेका ओम अग्रवाल भने पाइरेसीको समस्याले ओटिटीमा जोखिम देख्नुहुन्छ। आफ्नै ओएसआर प्ले नामक एपको तयारी गरिरहनुभएका अग्रवालले सुरक्षाको चुनौती रहेको बताउनुभयो।ँपाइरेसी गर्नेलाई कडा कारबाही नहुँदा समस्या देखिएको हो । युट्युबमा फ्रीमा फिल्म हेरिरहेका दर्शकलाई नयाँ फिल्ममार्फत आकर्षित नगरेका होइनौँ, तर लकडाउनले केही असर गऱ्यो’, सञ्चालक अग्रवालले भन्नुभयो । आइफ्लिक्स बन्द भएपछि उहाँसहितको ओएसआर डिजिटल टिम भिडियो पसलमार्फत फिल्म दर्शकमाझ पुऱ्याइरेहेको छ।

अ भि न े ता लामिछानेले आफ्नो एपमा चार तहको सुरक्षा रहेको जानकारी दिनुभयो।ँसिनेमाघरबाट पाइरेसी गर्नेलाई सहजै समात्न सकिन्छ। हामीले केही समय अगाडि एक जनालाई सजायसमेत दिलाएका थियौँ । पाइरेसीसम्बन्धी शिक्षाको कमीले नै यस्तो भइरहेको छ’, अभिनेता लामिछानेले भन्नुभयो,ँअहिले ओटिटीले मुनाफा दिन थालेपछि विस्तारै निर्माता आकर्षित भइरहेका छन् । हामीले गत दसैंमा प्रदर्शन गरेको दुई फिल्मले राम्रो मुनाफा दिएको छ।’रासस


रोजगार बनौ । Admission Open रोजगार बनौ ॥

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

◆ ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

◆ बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यून्तम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस्।

**फारम भर्ने अन्तिम मितिः-** २०७९/कार्तिक/२७ गते सम्म

**पुनः प्रवेश परीक्षा हुने मितिः-** २०७९/कार्तिक/२९ गते मंगलबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४

**नोटः**- सुरक्षा गार्डको आवश्यक भएको हुनाले काम गर्ने ईच्छु व्यक्ति तुरुन्त सर्म्पक गर्नु होला





## 'प्रसाद २'को छायांकन अन्योल, सुदर्शन र विपिन दुवै देशबाहिर

फिल्म 'प्रसाद २'का निर्माता सुभाष थापाले ५ दिनअघि आफ्नो फेसबुकमा दुखेसो पोख्दै लेखेका थिए, 'डाइरेक्टर हलिउड, एक्टर बलिउड । मेरो 'प्रसाद २' ।' चलचित्र निर्माता संघको रोहबरमा फिल्मका निर्माता, निर्देशक र कलाकारबीच भएको सम्झौतामा मंसिर ७ गतेबाट छायांकन थाल्ने भन्ने छ । तर, अहिले निर्देशक सुदर्शन थापा अमेरिका र अभिनेता विपिन कार्की मुम्बईमा छन् । निर्देशक र कलाकार दुवै देशबाहिर हुँदा निर्माता थापा अन्योलमा छन् । प्रि-प्रोडक्सनदेखि वर्कसपसम्म लाखौं खर्च भइसकेकाले उनलाई पीडा पनि उतिक्कै छ। सुदर्शन काम विशेषले अमेरिका उडेका हुन् भने विपिन एक बलिउड फिल्मको सुटिङमा व्यस्त छन् । दुवै नेपाल नआएसम्म 'प्रसाद २'को छायांकन सम्भव छैन । र, अब मंसिर ७ गतेबाट छायांकन हुने सम्भावना पनि देखिन्न ।

## 'डेसान' टिजरमा कामुक नम्रता

मंसिर २३ गतेबाट प्रदर्शन आउन लागेको कमल एक्वै मगर निर्देशित फिल्म 'डेसान'को टिजर सार्वजनिक गरिएको छ। बिहीवार एक कार्यक्रमका बीच सार्वजनिक गरिएको टिजरमा पारिवारिक सम्बन्ध, अइच्छा र अविश्वासका कारण दाम्पत्य सम्बन्धमा आउने खटपटको विषयलाई प्रस्तुत गरिएको छ। अभिनेत्री नम्रता सापकोटाको भूमिकाले फिल्मप्रति दर्शकको कौतुहलता बढ्ने देखिन्छ । फिल्ममा भोलाराज सापकोटा, निशान चौहान, पुनम थापा, कविता आले, आरुषजंग सारु, मलिका बस्नेत, प्रमिशा सारु मगरको पनि अभिनय छ। पर्फमिङ आर्ट क्रियशनको ब्यानरमा कृशाला मगर कार्यकारी निर्माता रहेको फिल्ममा राजु काउचाको कथा, निर्देशक मगरको पटकथा/संवाद, चक्रबहादुर महर्जनको छायांकन, अजय स्याङतेनको नृत्य निर्देशन, मिलन श्रेष्ठले सम्पादन छ ।



www.cinespot.net

## आँचललाई 'झिंगेदाउ'ले राहत, अब 'वर एन्ड वधु'को आश

अभिनेत्री आँचल शर्माको करिअर उतारचढावपूर्ण छ । उनी कहिले हिट त कहिले फ्लप फिल्मको साक्षी बनेकी छन् । उनको डेब्यू फिल्म 'नाईं नभन्नू ल ४' सफल भएको थियो भने दोस्रो फिल्म ' जोनी जेन्टलम्यान' फ्लप भयो। तेस्रो फिल्म 'शत्रु गते'ले उनलाई पुनः सफलताको सुःख दियो । तर, चौंथो फिल्म 'ब्ल्याक' टाँट पल्टियो । फेरि पाँचौं फिल्म 'दाल भात तरकारी' सुपरहिट सावित भयो । तर, फिल्म हिट हुँदा पनि उनले त्यसको श्रेय पाउन सकेकी थिइनन्। किनकि, उनका हिट फिल्ममा नाम चलेका कलाकारहरुको ठूलो जत्था थियो । र, सफलताको क्रेडिट पनि अरु नै कलाकारको पोल्टामा पर्‍यो । यस वर्ष प्रदर्शनमा आएको फिल्म 'झिंगेदाउ'ले भने आँचललाई ठूलो राहत दिएको छ । केकी अधिकारी र आँचलले नै फिल्म बोकेकाले त्यसको सफलताको श्रेय पनि दुवैले पाए । 'झिंगेदाउ'बाट आँचलले पहिलो पटक अभिनयको प्रशंसा पनि कमाइन् ।



## 'ब्रह्मास्त्र २'मा विजय देवरकोन्डा बन्न सक्छन् 'देव' !

रियल जोडी रणबीर कपूर र आलिया भट्ट अभिनीत यस वर्षको सुपरहिट फिल्म 'ब्रह्मास्त्र : पार्ट वान् शिवा'को सिक्वेलको तयारी सुरु भइसकेको छ। पहिला पार्ट शिवा (रणबीर) चरित्रमाथि केन्द्रित थियो भने दोस्रो पार्ट देव चरित्रमाथि आधारित रहनेछ। त्यसैले सिक्वेलको नाम ' ब्रह्मास्त्र : पार्ट टू देव' राखिएको छ। फिल्ममा देवको चरित्र निर्वाह गर्ने कलाकारको अझै टुंगो लागिसकेको छैन। अयान मुखर्जीको निर्देशनमा बन्ने 'ब्रह्मास्त्र २'को देव चरित्रका लागि ऋतिक रोशन, रणवीर सिंह, 'केजीएफ' स्टार यशलाई अप्रोच गरिएको भए पनि तीनै जनाले अस्वीकार गरिसकेका छन्। अब साउथ सुपरस्टार विजय देवरकोन्डालाई फिल्म अप्रोच गरिएको भारतीय मिडियाहरुले उल्लेख गरेका छन्। 'ब्रह्मास्त्र'का निर्माता करण जोहरले उनलाई फिल्मको अफर गरेको बताइएको छ। यसअघि विजयले करणको धर्मा प्रोडक्सनबाट निर्मित फिल्म 'लाइगर'मा काम गरिसकेका छन्। यही फिल्मबाट उनले बलिउडमा डेब्यू गरेका थिए। यसै कारण करणको रोजाईमा विजय परेका हुन्। तर, विजयले भने फिल्ममा काम गर्ने वा नगर्ने विषयमा निर्णय गरिसकेका छन्। उनले देवको चरित्र निर्वाह गर्न स्वीकार गरे फिल्मले साउथका दर्शकको पनि राम्रो साथ पाउन सक्नेछ। 'ब्रह्मास्त्र २'मा रणवीर र आलियाको पनि अभिनय रहनेछ। पहिलो पार्टमा रणवीरले शिवाको चरित्र निर्वाह गरेका थिए। फिल्ममा भिजुअल इफेक्ट्स र भिएफएक्सको काम उत्कृष्ट थियो। यही कारण फिल्म दर्शकको रोजाईमा परेको थियो। फिल्ममा अमिताभ बच्चन, मौनी रोय र अक्किनेनी नागार्जुनको पनि अभिनय थियो। 'ब्रह्मास्त्र २' अर्को वर्षको अन्तिममा प्रदर्शन हुने सम्भावना छ।

# झापा क्षेत्र नं ५ मा पुरानै अनुहारबीच प्रतिस्पर्धा





झापा । आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा झापा क्षेत्र नं ५ मा पुरानै अनुहारबीच प्रतिस्पर्धा हुने देखिन्छ । सो क्षेत्रमा नेकपा (एमाले) का तर्फबाट अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका तर्फबाट खगेन्द्र अधिकारी उम्मेदवार हुनुहुन्छ ।

विसं २०७४ मा सम्पन्न निर्वाचनमा ओली र अधिकारीबीच नै मुख्य प्रतिस्पर्धा भएको थियो । त्यतिबेला अध्यक्ष ओलीलाई माओवादी केन्द्रको साथ थियो । उहाँले कांग्रेस उम्मेदवार अधिकारीलाई २८ हजार आठ सय ४२ मतान्तरले पराजित गर्नुएको थियो । सो निर्वाचनमा कांग्रेस एक्लै निर्वाचनमा होमिएको थियो भने यस पटक उसलाई अन्य दलको साथ छ ।

ओलीले २०७४ सालमा ५७ हजार एक सय ३९ तथा अधिकारीले २८ हजार दुई सय ९७ मत प्राप्त गर्नुभएको थियो । अघिल्लो निर्वाचनमा पनि एमालेलाई राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थन थियो । यसपटक पनि उक्त साथ कायमै छ । झापा क्षेत्र नं ५ मा स्वतन्त्रसहित २५ जनाको उम्मेदवारी परेको छ ।

उम्मेदवार तथा दलका प्रतिनिधि मतदातालाई रिझाउन घरघरमा गइरहेका छन् । संविधानसभाको पहिलो निर्वाचन २०६४ बाहेक २०४८ सालयता भएका कुनै पनि निर्वाचनमा एमाले अध्यक्ष ओली पराजित हुनुभएको छैन । उहाँको झापा आगमन र घरदैलो कार्यक्रम बाक्लिएको छ । विसं २०४८ यता ओलीले यो निर्वाचन क्षेत्रमा छुट्टै विरासत कायम गर्नुभएको छ । विसं २०६४ को संविधानसभाको निर्वाचनमा भने उहाँ नेकपा माओवादी केन्द्रका उम्मेदवार विश्वदीप लिङ्देनसित पराजित हुनुभएको थियो । ओली पाँच पटक लगातार यस क्षेत्रबाट निर्वाचित भइसक्नुभएको छ ।

झापा-५ मा गत स्थानीय तहमा कमल र गौरीगञ्ज गाउँपालिकामा कांग्रेसले प्रमुख पद जितेको थियो । एमालेले गौरादह नगरपालिकामा मात्रै जितेको थियो । स्थानीय तह निर्वाचनको मत परिणाम अनुसार यहाँ एमाले विगतको तुलनामा कमजोर आँकलन गरिएको छ । तथापि स्थानीय तहको जस्तो निर्वाचन नभएर आमचुनाव भएकाले त्यसले खासै असर नपार्ने विश्लेक बताउँछन् ।

वडागत रुपमा भने एमाले बलियो छ । क्षेत्र नम्बर ५ भित्र पर्ने चार पालिकामा २९ वडा छन् । गौरादह नगरपालिकाको वडा नम्बर एकदेखि सातसम्म एमालेले चार वटामा जितेको थियो । कांग्रेसले दुई वडामा तथा एउटामा स्वतन्त्र उम्मेदवार विजयी भएका थिए ।

गौरीगञ्ज गाँउपालिकामा पर्ने चार वडा वडा (३, ४, ५ र ६) मध्ये तीनमा एमालेले जितेको थियो । दमक नगरपालिकाका-१० वडामध्ये सातमा एमाले तथा दुईमा कांग्रेस र एउटामा राप्रपा विजयी भएको थियो ।

यस्तै एमालेले कमल गाउँपालिकामा ३, ४, ६ र ७ मा वडाध्यक्ष जितेको थियो भने कांग्रेसले १, माओवादी केन्द्रले एउटा तथा एकीकृत समाजवादीले एउटामा जितेको थियो । स्थानीय तहमा एमालेले वडागत मत ४१ हजार छ सय १९ पाएको छ भने कांग्रेसले २२ हजार, माओवादी केन्द्रले १० हजार सात सय ८८ र राप्रपाले आठ हजार तीन सय ५९ तथा एकीकृत समाजवादीले एक हजार नौ सय ८८ मत पाएको छ ।

सो क्षेत्रमा राप्रपालाई जोड्ने हो भने एमाले-राप्रपा गठबन्धनले प्राप्त गरेको मत ४९ हजार नौ सय ७८ छ । सत्ता गठबन्धनको मत ३४ हजार सात सय ७६ छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार यस निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मतदाता छन् । यहाँ एक लाख ५४ हजार दुई सय ८९ मतदाता छन् । दुई अन्य, पुरुष मतदाता ७६ हजार ६७ र महिला मतदाता ७८ हजार दुई सय २० छ ।

यस निर्वाचन क्षेत्रमा मतदानस्थल ६१ तथा मतदान केन्द्र एक सय ७६ कायम गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसीकुमार नेपालले जानकारी दिनुभयो । यो क्षेत्र एमाले अध्यक्ष ओलीका कारण लामो समयदेखि केन्द्रीय राजनीतिको मियोका रूपमा स्थापित भएको छ । त्यसैले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको मिति नजिकिँदै जाँदा झापा क्षेत्र नं ५ मा चर्चामा छ ।रासस

# संविधान लोकतन्त्र विरोधिहरुबाट धरापमा परेपछि गठबन्धन : अध्यक्ष दाहाल

गोरखा । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य पदका उमेदवार पुष्पकमल दाहाल ‘प्रचण्ड’ले संविधान लोकतन्त्र विरोधिहरुबाट धरापमा परेपछि संविधान पक्षधरहरु एकै ठाउमा उभिएको बताउनु भएको छ ।

आफ्नो निर्वाचन क्षेत्रका मतदातासँग भोट माग्न दुई दिनदेखि गोरखामा रहनुभएका उहाँले आज बिहान सिरानचोक गाउँपालिकाको नयाँसाँघुमा आयोजित चुनावी कोणसभालाई सम्बोधन गर्दै संविधानको रक्षाका लागि वर्तमान वामलोकतान्त्रिक गठबन्धन बनाउनु परेको चर्चा गर्नुभयो ।

उहाँले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली पार्टी एकता, संविधान र जनताप्रति इमान्दार नदेखिएको आरोप लगाउनुभयो । ओलीकै कारण संविधान धरापमा परेको उहाँको भनाइ थियो । उहाँले नेपाली कांग्रेससहित नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)लगायतका पार्टीको सशक्त आन्दोलनले मात्र प्रतिक्रान्ति टरेको बताउनुभयो ।रासस

# ‘संविधानको रक्षाका लागि गठबन्धनलाई बलियो बनाउनुपर्छ’

काठमाण्डु । नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले संविधानको रक्षाका लागि गठबन्धनलाई बलियो बनाउनुपर्ने बताउनुभएको छ ।

लोकतान्त्रिक-वाम गठबन्धन काठमाडौं क्षेत्र नं १ को घरदैलो कार्यक्रममा शुक्रवार सहभागी हुनुभएका नेता भट्टराईले संविधानको रक्षा र देश विकासका लागि गठबन्धनका उम्मेदवारको जित आवश्यक रहेको बताउनुभयो । ‘देश विकासका लागि सही र सक्षम नेता गठबन्धनभित्र हुनुहुन्छ, संविधान र मुलुकको विकासका लागि काठमाडौंका जनताले गठबन्धनका उम्मेदवारलाई विजयी गराउने विश्वास मैले लिएको छु’, उहाँले भन्नुभयो ।

पूर्वप्रधानमन्त्री डा भट्टराईले नेपाली जनताको लामो सङ्घर्ष र बलिदानबाट ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानमाथि नै प्रहार भएकाले गठबन्धन निर्माण गर्नुपरेको बताउनुभयो । गठबन्धनलाई बलियो बनाएमात्र संविधानको रक्षा, सुशासन र राजनीतिक स्थिरता हुनसक्ने उहाँको भनाइ छ ।

काठमाडौं क्षेत्र नं १ मा लोकतान्त्रिक-वाम गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्यमा कांग्रेसका पूर्वमहामन्त्री एवं पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंह, प्रदेशसभा (१)मा दीपेन्द्र श्रेष्ठ र प्रदेशसभा (२)मा सुरजचन्द्र लामिछाने उम्मेदवार बन्नुभएको छ ।रासस

# भोट तान्न स्थानीय ‘एजेण्डा’




गलेश्वर । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन आउन नौ दिनमात्र बाँकी रहँदा म्याग्दीमा चुनाव प्रचारप्रसार अभियान तीव्र बनेको छ । गाउँगाउँमा आयोजित चुनावीसभामा उम्मेदवार र राजनीतिक दलका नेताले राष्ट्रिय एजेण्डाभन्दा स्थानीय एजेण्डालाई चुनावी मुद्दा बनाएका छन् ।

गाउँगाउँमा आयोजित आमसभामा उम्मेदवारले माहोल बनाउन र मतदाता रिझाउन प्रयास गरिरहेका छन् । मतदानमा सहभागी हुने दिन नजिकिँदै जाँदा वडास्तरमा भइरहेका सभामा उम्मेदवारले मतदातालाई आफ्नो पक्षमा पार्न प्रयास गरिरहेका छन् । कलकारको टोलीसहित उम्मेदवार वडामा पुग्न थालेपछि चुनावी माहोल पनि तात्दै गएको छ ।

आफ्नो पार्टीको कार्यक्रममा नृत्य प्रस्तुत गर्ने कलाकारले गाउँठाउँको विकासमा केन्द्रित हुने पार्टीलाई भोट हाल्नसमेत आह्वान गर्ने गरेका छन् ।

नेकपा (एमाले) र स सत्ता गठबन्धनले गीतसङ्गीतसँगै चुनावी अभियनलाई प्राथमिकता दिएका छन् । भाषणले मात्रै मतदातालाई आकर्षित गर्न नसकेपछि दलले साङ्गीतिक कार्यक्रममार्फत चुनावीसभाको माहोल बनाएको एक नेताको भनाइ छ । प्रमुख राजनीतिक दलसम्बद्ध सांस्कृतिक सङ्गठन गीत सङ्गीतका माध्यमबाट स्थानीय निर्वाचनका पक्षमा वातावरण बनाउन थालेपछि उम्मेदवारसमेत उत्साहित भएका छन् ।

गठबन्धनले स्थानीय कलाकारलाई पारिश्रमिकसमेत दिएर चुनावी अभियानमा सहभागी बनाइरहेको जनाएको छ भने एमालेले चुनावी खर्चमै समेटेको छ । त्यस्तै नेशनल मङ्गोल अर्गनाइजेशनलेसमेत नृत्यसहितको चुनावी अभियानलाई प्राथमिकता दिएको छ । चुनावी अभियानमा पार्टीका गतिविधिसहित अन्य जानकारीसमेत नृत्य र गीतसङ्गीतबाटै दिन सकिने भएकालेसमेत पार्टीले कलाकारलाई सँगसँगै लैजाने गरेका छन् ।

नाटक र अन्य अभिनयबाट अन्य दललाई आरोप लगाउन नपाइने भएकाले अनुगमनसमेत गरिने निर्वाचन कार्यालय म्याग्दीले जनाएको छ । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन आचारसंहिता २०७८ ले ‘कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानि हुने वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न/नगराउन नहुने’ व्यवस्था गरेको छ ।

*चुनावी अभियानमा पार्टीका गतिविधिसहित अन्य जानकारीसमेत नृत्य र गीतसङ्गीतबाटै दिन सकिने भएकालेसमेत पार्टीले कलाकारलाई सँगसँगै लैजाने गरेका छन् । नाटक र अन्य अभिनयबाट अन्य दललाई आरोप लगाउन नपाइने भएकाले अनुगमनसमेत गरिने निर्वाचन कार्यालय म्याग्दीले जनाएको छ । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन आचारसंहिता २०७८ ले ‘कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानि हुने वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न/नगराउन नहुने’ व्यवस्था गरेको छ ।*

**स्थानीय एजेण्डामा केन्द्रित उम्मेदवार**

विशेषगरी सङ्घीय कानुन बनाउने, सरकारलाई सचेत र जिम्मेवार बनाउने तथा केन्द्रीय बजेट निर्माण र संसदीय सुनुवाइलगायतमा सहभागी हुने काम प्रतिनिधिसभा सदस्यको हो । यहाँका उम्मेदवारले ग्रामीण सडक, आमा समूह र युवा क्लब, पर्यटन, शिक्षा, पदमार्ग, विद्युत् सेवा विस्तार, सडक स्तरोन्नति, स्वास्थ्यलगायत क्षेत्रका काम गर्ने जनाउँदै चुनावीसभामा भाषण गर्न व्यस्त छन् । साथै घरदैलोमा पुगेर मतदातासँग भोट मागिरहेका स्थानीय मतदाता रमेश पौडेलले बताउनुभयो ।

प्रतिनिधिसभाका लागि एक र प्रदेशसभाका लागि दुई वटा निर्वाचन क्षेत्र रहेको म्याग्दीमा प्रतिनिधिसभातर्फ एमालेको तर्फबाट हरिकृष्ण श्रेष्ठ र पाँच दलीय गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका खमबहादुर गर्बुजा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई क्षेत्र रहेको जिल्लामा तीन पदका लागि १९ जना चुनावी मैदानमा छन् । प्रतिनिधिसभामा तीन जना स्वतन्त्रसहित नौ जना, प्रदेशसभा क्षेत्र (१) र (२) मा पाँच/पाँच जना उम्मेदवार छन् । छ वटा स्थानीय तह रहेको जिल्लामा ८२ मतदानस्थल र एक सय १९ मतदान केन्द्र छन् ।

बेनी नगरपालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकालाई समेटेको ४९ मतदानस्थलमा ६८ वटा केन्द्र रहेको प्रदेशसभा क्षेत्र (१) मा ४८ हजार चार सय ७२, मङ्गला, मालिका र धवलागिरि गाउँपालिका समावेश ३३ स्थलमा ५१ केन्द्र रहेको प्रदेशसभा क्षेत्र (२) मा ३७ हजार छ सय ४८ गरी जिल्लाभरि जम्मा ८६ हजार एक सय २० मतदाता छन् । रासस

# दलका घोषणापत्रप्रति द्वन्द्वपीडितको अविश्वास

मुसीकोट । त्रिवेणी गाउँपालिका-३ कुरलकी सरुनी खत्रीलाई चुनावको रौनकता त्यति छैन । विगतका चुनावमा उहाँलाई जति रौनकता हुन्थ्यो यो पटकको चुनावमा भने उहाँमा त्यति रौनकता छैन । उहाँ सहिद परिवारको सदस्य हो । विसं २०५६ फागुन १० गते उहाँको साइला छोरालाई राज्य पक्षबाट गोली हानेर हत्या भएको थियो ।

विसं २०६२/६३ को लोकतान्त्रिक आन्दोलनपछि देशमा शान्ति स्थापनासँगै व्यवस्था बदलियो । यसबीचमा धेरैपटक निर्वाचन पनि भयो । घर आँगनमै स्थानीय सरकार छ तर ती ७६ वर्षीया सरुनी खत्रीको अवस्था भने बदलिएको छैन ।

सरुनीका साइला छोरा टीकाराम खत्रीसहित एकै दिन गाउँका १५ जनाको हत्या भएको थियो । साइला छोरालाई घरमै आएर सुरक्षाकर्मीले लगेको र गोली हानेर मारेको कुरा सम्झँदा उहाँको मन अहिले पनि भारी हुन्छ । छोराको हत्या हुँदा तपाईंका छोरा हामी पनि हौं भन्दै आउनेहरु अहिले कहाँ गए सरुनीलाई थाहा छैन । उनीहरु नेता बनेका छन् रे भन्ने कुरा अरुको मुखबाट उहाँले सुन्नुहुन्छ ।

विगतका निर्वाचनका समयमा सहिद परिवारका लागि धेरै गर्छौं भनेर घरमा आउने उम्मेदवारले गरेका प्रतिवद्धता पूरा नगरेकै कारण अहिले उहाँको घरमा कुनै उम्मेदवार आउँदा उहाँलाई त्यति बोल्न मन लाग्दैन । नेताप्रतिको उहाँको विश्वास घटेर गएको छ ।

जनयुद्धका समयमै बुबा गुमाउनुभएका गणेशबहादुर ओलीको गुनासो पनि त्यस्तै छ । आफू आठ वर्षको हुँदा उहाँको बुबाको पनि हत्या गरिएको थियो । नेपाली काँग्रेसबाट वडाको जनप्रतिनिधि रहेका बुबालाई माओवादीको आरोपमा सुरक्षाकर्मीबाट गोली हानेर मारिएको थियो । उहाँको परिवारलाई बुबाको काजकिरिया गर्नै दिइएन ।

*शान्ति स्थापनापछि धेरैपटक निर्वाचन भयो । धेरै उम्मेदवार भए भने धेरैले जितेर पनि गए । कोही मन्त्री पनि भए तर कुरलका स्थानीय वासिन्दाको जीवनस्तर भने परिवर्तन भएको छैन । गणेशका भाई टन्टवीरलाई युद्धकै समयमै गोली लागेको थियो । उहाँ घाइते भएपछि राज्यले उपचार पनि गरेन । उहाँ अहिले उपचार खर्च जुटाउन भारतको उत्तर प्रदेशमा रोजगारीमा जानुभएको छ ।*

गाउँमा एकै दिन कुरल, पोखरी र राउमारेका १५ जनाको हत्या भएको थियो । शान्ति स्थापनापछि भने गाउँमा केही आश थियो । परिवर्तनको लागि जनयुद्ध लडेको तत्कालीन नेकपा (माओवादी) पनि आफ्ना एजेन्डामा रहला भन्ने विश्वास कुरलका स्थानीयवासीमा थियो ।

शान्ति स्थापनापछि धेरैपटक निर्वाचन भयो । धेरै उम्मेदवार भए भने धेरैले जितेर पनि गए । कोही मन्त्री पनि भए तर कुरलका स्थानीय वासिन्दाको जीवनस्तर भने परिवर्तन भएको छैन । गणेशका भाई टन्टवीरलाई युद्धकै समयमै गोली लागेको थियो । उहाँ घाइते भएपछि राज्यले उपचार पनि गरेन । उहाँ अहिले उपचार खर्च जुटाउन भारतको उत्तर प्रदेशमा रोजगारीमा जानुभएको छ ।

चुनावमा पार्टीले तयार गरेका घोषणापत्रमा सहिद परिवार र घाइतेका लागि धेरै कार्यक्रम समेटिएका हुन्छन् । चुनाव सकिएपछि जनताले निर्वाचित गरेका व्यक्ति सांसद, मन्त्री हुन्छन् तर उनीहरुले चुनावमा ल्याएका घोषणापत्रमा उल्लेख गरेका वाचा पूरा गर्नेतर्फ कुनै ध्यान नदिएको द्वन्द्वपीडितको गुनासो छ ।रासस

# राष्ट्रपति आज स्वदेश फर्कदै

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारी जनगणतन्त्र आइसल्याण्डको औपचारिक भ्रमण पूरा गरी शनिबार स्वदेश फर्कदै हुनुहुन्छ ।

महिला राजनीतिज्ञको विश्वव्यापी सञ्जाल ‘वुमन पोलिटिकल लिडर्स’ (डब्लुपिएल) कार्यक्रममा सहभागी हुन राष्ट्रपति भण्डारी यही कात्तिक २१ गते आइसल्याण्ड जानुभएको थियो । गणतन्त्र आइसल्याण्डको राजधानी रेक्याभिकमा आयोजना भएको ‘रेक्याभिक ग्लोबल फोरम’ (वुमन लिडर्स) मा उहाँले विशेष सम्बोधनसमेत गर्नुभएको थियो । साथै उहाँले ‘वुमन पोलिटिकल ट्रेलब्लेजर अवार्ड’ समेत ग्रहण गर्नुभएको थियो ।

राष्ट्रपति भण्डारी आज आइसल्याण्डबाट प्रस्थान गरी नर्वेको राजधानी ओस्लो र कतारको राजधानी दोहा हुँदै भोलि शनिबार काठमाडौं आइपुग्नुहुने कार्यक्रम छ ।रासस

# प्रधानमन्त्री देउवासहित गठवन्धनका शीर्षनेता चितवन आउँदै

चितवन । लोकतान्त्रिक-वाम गठबन्धनले शनिबार यहाँ आयोजना गर्ने चुनावी सभालाई सम्बोधन गर्न प्रधानमन्त्री शेरबहादुर देउवासहितका शीर्षनेताहरू आउनुहुने भएको छ ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, डा बाबुराम भट्टराईले सम्बोधन गर्ने कार्यक्रम रहेको नेपाली कांग्रेस चितवनका सचिव ध्रुव पोखरेलले जानकारी दिनुभयो ।

यस्तै नेकपा (एमाले)ले चितवनमा चुनावी सभा गर्दै छ । कात्तिक २८ गते गर्ने सभालाई सम्बोधन गर्न एमाले अध्यक्ष केपी ओली चितवन आउने कार्यक्रम रहेको एमाले चितवनले जनाएको छ ।रासस

# निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक बनाउँछौं : वाम-लोकतान्त्रिक गठबन्धन

खोटाङ । वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरूले निर्वाहमुखी परम्परागत खेती प्रणालीलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधि एवं पद्धतिमार्फत व्यावसायिक खेतीमा रुपान्तरण गर्ने प्रतिबद्धता जनाएका छन् । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा चुनावी तालमेल गरेका नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टीका साझा उम्मेदवारले संयुक्तरूपमा हातेपर्चा प्रकाशन गरेर उक्त प्रतिबद्धता जनाएका हुन् ।

खेतीपाती, पशुपालन र फलफूल खेतीलाई व्यावसायीकरण गर्न पकेटक्षेत्र निर्धारण गरेर कार्यक्रम लागू गर्ने, कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नका लागि आधुनिक यन्त्र, मल र बीउ, बहुउद्देश्यीय नर्सरी स्थापना गर्न समूह, सहकारी तथा कृषि फार्ममार्फत अनुदानको व्यवस्था मिलाउने र खाद्यान्न, फलफूल तथा तरकारीको उत्पादनका लागि सङ्कलन केन्द्र र शीतभण्डारण केन्द्र स्थापना गर्नाका साथै बजारीकरण र प्रशोधनको व्यवस्था गर्ने संयुक्त प्रतिबद्धतापत्रमा उल्लेख छ ।

कृषिमा जैविक (अर्ग्यानिक) उत्पादनलाई विशेष जोड दिँदै रैथाने बाली अनुसन्धान र संरक्षण गर्ने, कृषिजन्य उद्योग स्थापना तथा कृषि पर्यटनमा विशेष जोड दिने, हिउँदको समयमा सिँचाइको सुविधा पुर्‍याउन अग्ला ठाउँमा रिचार्ज पोखरी निमार्ण गर्ने, किसानलाई बाँदर तथा अन्य जङ्गली जनावरको आतङ्कबाट मुक्ति दिलाउन प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरी जङ्गली जनावरबाट हुने क्षतिको पूर्ति गर्न पहल गर्ने र सहुलियतमा कृषि बीमा गर्नेलगायत बुँदा प्रतिबद्धतापत्रमा समेटिएको छ ।




गठबन्धनका उम्मेदवार तथा कार्यकर्ताले उक्त प्रतिबद्धतापत्र जिल्लाका १० वटै स्थानीय तहका मतदाताको हातहातमा पुऱ्याउन थालेका छन् । पूर्वी पहाडी क्षेत्रका अधिकांश बासिन्दा कृषिमा आधारित रहेकाले वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारको प्रतिबद्धतालाई निकै महत्वका साथ हेरिएको छ ।

गठबन्धनबाट प्रतिनिधिसभा सदस्यमा नेकपा (माओवादी केन्द्र)का पोलिटब्यूरो सदस्य एवं प्रदेश नं १ सरकारका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री रामकुमार राई ‘पासाङ’ तथा प्रदेशसभा (१) मा नेकपा (एकीकृत समाजवादी) पार्टीका १ नं प्रदेश समन्वय समिति संयोजक वीरबलकाजी राई र प्रदेशसभा (२)मा कांग्रेस १ नं प्रदेश समितिका महामन्त्री भूपेन्द्र राई उम्मेदवार रहनुभएको छ । वाम-लोकतान्त्रिक गठबन्धनका तीनै उम्मेदवार यतिबेला आ-आफ्नो पक्षमा माहोल बनाउन मतदाताको घरदैलो तथा चुनावी सभामा व्यस्त छन् ।

एक लाख ४२ हजार सात सय ९२ मतदाता रहेको जिल्लामा गठबन्धन र नेकपा (एमाले)का उम्मेदवारबीच प्रतिस्पर्धा हुने देखिएको छ । एमालेबाट प्रतिनिधिसभा सदस्यमा पोलिटब्यूरो सदस्य एवं पूर्वसांसद विशाल भट्टराई, प्रदेशसभा (१)मा प्रदेश समिति सदस्य एवं संविधानसभा सदस्य पाँचकर्ण राई ‘पिके’ र प्रदेशसभा (२)मा जिल्लाअध्यक्ष रामप्रसाद दङ्गाल चुनावी मैदानमा उत्रनुभएको छ ।

प्रतिनिधिसभातर्फ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सर्जु श्रेष्ठ, नेपाल मजदुर किसान पार्टीका भोजराज बस्नेत, मङ्गोल नेशनल अर्गनाइजेशनका दीपक मगर, आमूल परिवर्तन मसिहा पार्टी नेपालका चन्द्रमणि राई र स्वतन्त्रका जयन्द्रकुमार राईले उम्मेदवारी दिनुभएको छ । प्रतिनिधिसभा र प्रदेशसभा (१) मा स्वतन्त्रसहित आठ-आठ तथा प्रदेशसभा (२)मा छ जना चुनावी मैदानमा उत्रिएका छन् ।रासस



रो ख. वेडलाई उल्टाउने अदालतको निर्णय पछि प्रदर्शनकारीहरूले सर्वोच्च अदालतको अगाडि सडक भर्छन् । गर्भपतन अधिकारको लागि समर्थनले मंगलबारको चुनावमा महिलाहरूलाई चुनावमा पुर्यायो। तर धेरैका लागि, मुद्दाले उच्च अर्थ लिएको छ, लोकतन्त्रको भविष्यको बारेमा व्यापक चिन्ताको अंश। महिलाहरु, विशेष गरी प्रजातान्त्रिक महिलाहरु, पुरुषहरु को तुलना मा रो ख. वेड उल्टो आफ्नो भोट मा एक शीर्ष कारक थियो भन्न सम्भव थियो। *तस्विर : एपी*

# राजीव गान्धी हत्याका छ जना दोषीलाई रिहा गर्न सर्वोच्चको आदेश

**एएनआई**

नयाँदिल्ली । पूर्वप्रधानमन्त्री राजीव गान्धीको हत्यामा संलग्न भई आजीवन कारावासको सजाय भोगीरहेका छ जनालाई रिहा गर्न सर्वोच्च अदालतले आदेश दिएको छ । नलिनी श्रीहरन र आरपी रविचन्द्रनसहित छ जनालाई रिहा गर्न सर्वोच्चले शुक्रवार आदेश दिएको हो ।

अदालतले गान्धीको हत्याका दोषी लामो समयदेखि कारागारमा रहेका तथा उनीहरूको असल आचरणलाई दृष्टिगत गरी थुनामुक्त गर्न आदेश दिएको जनाइएको छ । ँनलिनी तीन दशकभन्दा बढी समयदेखि जेलमा छिन् उनको आचारण पनि सन्तोषजनक छ, उनीसँग कम्प्युटर एप्लिकेशनमा पोष्ट ग्राजुएट डिप्लोमा छ । रविचन्द्रनको पनि आचारण सन्तोषजनक रहेको पाइएको छ, उनले पनि कला सङ्कायमा पोष्ट ग्राजुएट गरेका छन्,' सर्वोच्च अदालतले भनेको छ ।



तमिलनाडु सरकारले पनि उनीहरूको आजीवन कारावासको सजाय माफ गर्दै रिहाइका लागि सिफारिस गरेको थियो । संविधानको धारा १६१ अन्तर्गत प्राप्त अधिकारको प्रयोग गर्दै उनीहरूको रिहाइका लागि राज्यपालसमक्ष सिफारिस गरिएको थियो । गान्धीको हत्यामा संलग्न एक जनालाई तमिलनाडु सरकारले गरेको सिफारिसका आधारमा रिहा गरिएपछि नलिनीलगायतले सर्वोच्च अदालतको ढोका ढक्ढक्याएका थिए ।

सन् १९९१ को मे महिनामा तमिलनाडु राज्यको श्रीपेरुम्बुदुरमा भएको चुनाबी ऱ्यालीमा धनु भनेर चिनिने एक महिलाले आत्मघाती बम आक्रमण गरेर राजीव गान्धीको हत्या गरेकी थिइन् ।

# सिरियामा जारी हिंसाप्रति राष्ट्रसङ्घीय प्रमुखको चासो

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले सिरियामा पछिल्ला केही दिनयता जारी रहेको हिंसाप्रति चासो व्यक्त गर्नुभएको छ ।

उहाँले केही दिनयता सिरियाका विभिन्न भूभागमा हिंसात्मक हमला भएर केही व्यक्तिको ज्यान गएको तथा कैयौँ व्यक्ति विस्थापित हुन पुगेका घटनाप्रति चासो व्यक्त गर्नुभएको उहाँका प्रवक्ता स्टेफान डुजारिकले बिहीबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

महासचिव गुटरेसले यस्तो आक्रमणलाई रोकी सबै पक्षले शान्ति र संयम अपनाउन आग्रह पनि गर्नुभएको छ । केही दिनयताको सो हमलाबाट उत्तर पूर्वी सिरियाली नगर इडलिबका कैयौँ मानिस विस्थापित हुन पुगेका पनि बताइएको छ ।

यसवर्ष उत्तरी सिरियामा मात्र एक सय २१ जनाको यस्तै आक्रमणबाट ज्यान गएको छ भने दुई सयभन्दा बढी व्यक्ति घाइते भएका छन् ।

यहाँका ४० लाखभन्दा बढी व्यक्ति सो हिंसात्मक हमलाबाट प्रभावित भएका छन् ।उनीहरुमध्ये अधिकांश बालबालिका र महिला रहेका छन् । उनीहरुलाई अहिले संयुक्त राष्ट्रसंघीय सहायता प्रदान गर्ने गरिएको छ ।

# 'विहारमा मदिरा निषेध अभियान असफल'




हाजिपुर । विहार सरकारले लागु गरेको मदिरा निषेध अभियान असफल भएको राज्यका एक जना वरिष्ठ नेताले बताएका छन् । यद्यपि त्यसबाट राज्यका जनतालाई केही लाभ भएको छ ।

जनता दल (युनाइटेड) का नेता तथा पार्टीको राष्ट्रिय संसदीय बोर्डका अध्यक्ष उपेन्द्र कुशवाहले आज यहाँ संवाददाताहरूसँग कुरा गर्दै राज्यमा मदिरा निषेध अभियान सफल नभएको बताए । उनले सरकारको एकल प्रयासबाट अभियान सफल नहुने बताउँदै त्यस निम्ति जनसाधारणको साथ र समर्थन अपरिहार्य भएकामा जोड दिए ।

मदिरा आपूर्ति नरोकिएसम्म त्यसको खपत पनि नरोकिने यथार्थ सुनाउँदै उनले अभियानबाट केही हदसम्म समाज लाभान्वित भएको बताए । उनले अभियानलाई सफल बनाउन राज्यका जनतालाई अग्रमोर्चामा आउन आह्वान गरे । नेता कुशवाहको यो भनाइले नीतिश कुमारको सरकारलाई अप्ठ्यारो पारेको छ । मदिरा आपूर्तिकर्ताहरूमाथि कठोर बन्न तथा कडाइका साथ कानुन कार्यान्वयन मुख्यमन्त्रीले आदेश दिएपछि नेता कुशवाहको यो भनाइ सार्वजनिक भएको हो ।

सन् २०१६ को अप्रिलदेखि विहारमा मदिरामाथि प्रतिबन्ध लगाइएको छ । प्रतिबन्ध उल्लङ्घन गर्नेलाई १० वर्षसम्म काराबासको सजाय हुने कठोर व्यवस्था पनि गरिएको छ तर मदिराको आपूर्ति र खपत घटेको छैन ।

मदिराका कारण राज्यमा आपराधिक घटना बढेका छन् । विहार राज्यका लागि भारतीय जनता पार्टीका निखिल आनन्दले पनि नेता कुशवाहको भनाइप्रति सहमति जनाएका छन् ।

# टिग्रेको सत्तरी प्रतिशत हिस्सा सेनाको नियन्त्रणमा रहेका

नैरोबी । इथियोपियाली सरकारले युद्धग्रस्त उत्तरी क्षेत्र टिग्रेको ७० प्रतिशत क्षेत्र अब सङ्घीय सेनाको नियन्त्रणमा रहेको शुक्रबार जनाएको छ ।

'टिग्रेको ७० प्रतिशत इथियोपियाली राष्ट्रिय रक्षाबलअन्तर्गत छ,' प्रधानमन्त्री अबी अहमदका राष्ट्रिय सुरक्षा सल्लाहकार रेडवान हुसेनले ट्विटरमा भन्नुभएको छ । यस क्षेत्रमा सहायता पठाइँने पनि उहाँले बताउनु भएको छ ।

# लेबनानलाई अन्तर्राष्ट्रिय समन्वय समूहबाट छ लाख खोप प्राप्त

**सिन्ह्वा**

बेरुत । लेबनानको जनस्वास्थ्य मन्त्रालयले बिहीबार हैजा खोपको विश्वव्यापी आपूर्ति व्यवस्थापन गर्ने अन्तर्राष्ट्रिय समन्वय समूह (आइसिजी) बाट छ लाख डोज हैजा खोपको प्राप्त गरेको छ ।

खोपहरू स्वास्थ्य मन्त्रालयको केन्द्रीय औषधी गोदाममा पुऱ्याइएका विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) द्वारा जारी विज्ञप्तिमा जनाइएको छ । नोभेम्बर १२ बाट खोप अभियानमा सुरु हुने बताइएको छ ।

अभियानले एक वर्ष वा माथिका सबै शरणार्थी र आयोजक समुदायहरुलाई लक्षित गरिने बताइएको छ । आगामी तीन हप्तामा लक्षित जनसङ्ख्याको ७० प्रतिशतमा पुग्ने लक्ष्य रहेको जनाइएको छ ।

# लेबनानको हैजा नियन्त्रणका लागि राष्ट्रसङ्घको सहयोग

**सिन्ह्वा**

बेरुत । राष्ट्रसङ्घले लेबनानको हैजा नियन्त्रणका लागि करिब ९५ लाख अमेरिकी डलर बराबरको सहयोग उपलब्ध गराएको छ ।

लेबनानमा केही समययतादेखि फैलिएको हैजा नियन्त्रण गर्न राष्ट्रसङ्घको सहयोगको याचना गरिएको लेबनानले जनाएको थियो ।

राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीले सो सहयोग उपलब्ध गराएको बिहीबार जनाएको छ ।

आपतकालीन सहयोग अन्तर्गत सो सहयोग उपलब्ध गराइएको राष्ट्रसङ्घीयमानवीयसहायतासम्बन्धी एजेन्सीले जनाएको छ । केही हप्तायतादेखि लेबनानमा हैजाको प्रकोप बढ्दै गएको छ । सो प्रकोपको नियन्त्रणका लागि खानेपानीको व्यवस्था, सरसरफाई एवं औषधी उपचारका लागि लेबनानले आर्थिक सहयोगको याचना गरेको थियो ।

बिहीबार उपलब्ध गराइएको सो सहयोगबाट लेबनानका कम्तीमा पनि १५ लाख मानिसलाई हैजाको प्रकोपबाट जोगाउने काममा प्रयोग गरिने बताइएको छ ।

लेबनानमा केही हप्तायता देखिएको हैजाबाट चार सय ९० जना विरामी देखिएका छन् । साथै यस प्रकोपबाट यहाँ कम्तीमा पनि १८ जनाको ज्यान गएको बताइएको छ ।

यहाँ गएको अक्टोबर ६ मा चार जनामा पहिलो पटक हैजाका किटाणु भेटिएका थिए । त्यसयता यहाँ हैजाको सङ्क्रमण फैलिएको हो ।

# इरानका खेलाडीले अन्तर्राष्ट्रिय खेलमा राष्ट्र गान गाएनन्

**बीबीसी**

इरान । हिजाबविरूद्ध मुलुकमा जारी महिला आन्दोलनको पक्षमा समर्थन जनाउन इरानका बिच फुटबलरले राष्ट्रगान गाउन अस्वीकार गरेका छन्।

दुबईमा पाँच दिनअघि भएको अन्तर महादेशीय बिच सोसर कपमा ब्राजिलविरूद्धको खेलमा सहभागी अधिकांश खेलाडीले राष्ट्रिय गान बज्दा मौन बसेका हुन्।

खेलमा प्रतिद्वन्द्वी ब्राजिलविरूद्ध गोल गरेपछि साहिद पिरामोनले गरेको सेलिब्रेसन पनि भाइरल भएको छ। उनले महिलामाथि अनिवार्य गरिएको हिजाब हटाउनुपर्ने र महिलाको टाउको पनि पुरुषकोझैं खुला रहनुपर्ने संकेत गरेका थिए। राजधानी तेहरानमा हिजाब नलगाएको भन्दै २२ वर्षीया मासा अमिनीलाई प्रहरीले निर्ममतापूर्वक कुट्दा उनको मृत्यु भएको थियो।

त्यसपछि हिजाबविरूद्ध इरानमा महिला आन्दोलन चर्किएको हो। आन्दोलनमा सरकारी पक्षबाट दमन हुँदा ३ सय जनाभन्दा बढीको ज्यान गइसकेको छ। इरानमा सन् २००९ पछि यो नै सबैभन्दा ठूलो आन्दोलन रहेको बीबीसीले जनाएको छ ।

# विश्वकप खेल्ने जर्मनी टोलीको घोषणा

**एजेन्सी**

जर्मनी । चार पटकको च्याम्पियन जर्मनीले आगामी मंसिर ४ गतेदेखि कतारमा सुरू हुने फिफा विश्वकप फुटबलका लागि टोलीको अन्तिम घोषणा गरेको छ । मुख्य प्रशिक्षक हान्सी फ्लिकले बिहिबार कतार विश्वकप खेल्ने २६ सदस्यीय जर्मन टोलीको घोषणा गरेका हुन् ।



जर्मनी टोलीमा बोरुसिया डर्टमण्डका युसोउफा मोउकोको र वेर्डर ब्रेमेनका निकलस फुल्करग पहिलो पटक परेका छन् । जर्मनीका अनुभवी डिफेण्डर माट ह्युमल्स भने यसपटकको विश्वकप खेल्ने दखिनेछैनन्। उता फरवार्ड टिमो वेर्नर चोटका कारणयसअघि नै विश्वकपबाट बाहिरिसकेका छन् ।

गोलकिपर मानुएल निउर, मिडफिल्डर जोसुआ किम्मीच र फरवार्ड थोमस मुलर टिममा सबैभन्दा अनुभवी खेलाडीको रुपमा छन् । विश्वकपमा जर्मनी समूह 'ई' मा छ ।

जर्मनीले मंसिर ७ गते जापानसँग खेल्दै विश्वकप सुरू गर्नेछ। समूह चरणको दोस्रो खेलमा जर्मनीले मंसिर ११ गते स्पेनविरूद्ध खेल्नेछ भने मंसिर १५ गते कोष्टारिकाविरूद्ध खेल्नेछ।

**जर्मनी टोली**

**गोलकिपरः** मानुएल नोए, मार्क आन्द्रे टेर स्टेगन, केभिन ट्र्याप

**डिफेण्डरः** अर्मल बेल्ला कोटच्याप, माथिएस जिन्टर, क्रिस्टियन गुन्टर, थिलो केहरर, लुकास क्लोस्टरम्यान, डेभिड राउम, एन्टोनिओरुडिगर, निको स्लोटरबेक, निकलस सुले

मिडफिल्डर र फरवार्डः करिम आडेयेमी, युलियन ब्रान्ड्ट, निकलस फुल्करग, सर्जी जिनाब्री, लिओन गोरेट्ज्का, मारियो गोट्चा, इल्केगुन्डोगान, काऐ हाभार्ट, जोनास होफम्यान, जोसुआ किम्मिच, युसुउफा मोउकोको, जमल मुसिएला, थोमस मुलर, लेरोय साने ।

# लुकाकुलाई समेट्दै बेल्जियमको टोली घोषणा

**एजेन्सी**

बेल्जियम । रोमेलु लुकाकुलाई समेट्दै बेल्जियमले



आगामी मंसिर ४ गतेदेख सुरु हुने कतार विश्वकप २०२२ को लागि अन्तिम टोली घोषणा गरेको छ ।

प्रशिक्षक रोबर्टो मार्टिनेजले बिहीबार विश्वकपका लागि २६ सदस्यीय टोली घोषणा गरेको हो। चोटका कारण मैदान बाहिर रहेका लुकाकुले खेल्न सक्ने देखेर प्रशिक्षक मार्टिनेजले राष्ट्रिय टोलीमा राखेका हुन्।

लुकाकुले ह्यामस्ट्रिङको चोटले सिजनको सुरुमा दुई महिना मैदान बाहिर रहेका थिए। त्यसपछि पूनरागमन गरे पनि उनले पुनः चोट बोकेका थिए।

यस्तै युरी टिलेमान्स, वाउट फेस, टिमोथी कास्टाग्ने, लिआन्ड्रो ट्रोसार्ड, लिन्डर डेन्डन्कर र अमाडो ओनानाले पनि बेल्जियमको टोलीमा स्थान बनाएका छन्। डिभोक ओरिगी र अल्बर्ट साम्बी लोकोंगाले विश्वकप गुमाउने भएका छन्।

बेल्जियमले आगामी मंसिर ७ गते क्यानडासँग खेल्दै विश्वकपको शुरूआत गर्नेछ। मंसिर ११ गते मोरक्कोसँग र मंसिर १५ गते क्रोएसियासँग खेल्ने तालिका छ ।

**बेल्जियमको पूर्ण टोली**

**गोलकिपर** – थिबाउट कोर्टुवा, सिमोन मिग्नोलेट र कोएन कास्टेल्स

**डिफेन्डर** – जान भर्टोन्घन, टोबी एल्डरवेरेल्ड, वाउट फेस, आर्थर थिएट, जेनो डेबास्ट, थोमस म्युनियर र टिमोथी कास्टग्ने

**मिडफिल्डर** – केभिन डि ब्रुएना, युरी टिलेमान्स, अमाडो ओनाना, एक्सेल विट्सेल, हान्स भानाकेन, लिअन्डर डेन्डोन्कर, यान्निक कारास्को र थोरगन हाजार्ड

**फरवार्ड** – रोमेलु लुकाकु, इडेन हाजार्ड, चार्ल्स डि केटेलेर, लिआन्ड्रो ट्रोसार्ड, ड्रिज मर्टेन्स, जेरेमी डोकु, मिसी बात्सुयाई र लोइस ओपेन्डा ।

# विश्वकप खेल्ने इंग्ल्यान्डको अन्तिम टोली घोषणा

**एजेन्सी**

काठमाण्डु । आगामी मंसिर ४ गतेदेखि एसियाली मुलुक कतारमा आयोजना हुने फिफा विश्वकप २०२२ कतारको लागि इंग्ल्यान्डले अन्तिम टोलीको घोषणा गरेको छ । प्रशिक्षक ग्यारेथ साउथगेटले मिडफिल्डर जेम्स म्याडीसनलाई समेट्दै २६ सदस्यीय अन्तिम टोली घोषणा गरेका हुन्।

म्यानचेस्टर युनाइटेडका फरवार्ड मार्कस रासफर्ड र न्युकासल युनाइटेडका क्यालम विल्सन, म्यानचेस्टर सिटीका फुल ब्याक काइल वाकर र आर्सनलका डिफेन्डर बेन ह्वाइटले टोलीमा स्थान बनाउँदा ब्रेन्टफर्डका आइभन टोनी र वेष्टह्यामका जेरड बोवेन भने टोलीसँग कतार यात्रा गर्ने छैनन् । चोटका कारण डिफेन्डरद्वय रिस जेम्स र बेन चिल्वेल टोलीमा रहेका छैनन्। इंग्ल्यान्ड विश्वकपको समूह बी मा रहेको छ। यो समूहमा वेल्स, इरान र अमेरिका छन्। इंग्ल्यान्डले पहिलो खेल मंसिर ५ गते इरानसँग खेल्नेछ।

**इंग्ल्यान्डको अन्तिम टोली :**

**गोलरक्षक** : जोर्डन पिकफर्ड, निक पोप, आरोन राम्सडेल

**डिफेन्डर** : ह्यारी मगाएर, लुक शा, एरिक डाएर, जोन स्टोन्स, काइल वाल्कर, काइरान ट्रीपिएर, कनर कोडी, बेन व्हाइट, ट्रेन्ट एलेक्जेन्डर आर्नोल्ड

**मिडफिल्डर** : जुड बेलिंघम, मेसन माउन्ट, कनर ग्यालाघर, डेक्लन राइस, जोर्डन हेन्डरसन, काल्भिन फिलिप्स

**फरवार्ड** : जेम्स म्याडीसन, फिल फोडेन, ज्याक ग्रिलिस, ह्यारी केन, बुकायो साका, रहिम स्टर्लिङ, क्यालम विल्सन, मार्कस रासफर्ड ।



महोत्तरीको एकडारा गाउँपालिका वडा नं ५, गेनाबथनाहा गाउँमा पाँच विघा क्षेत्रफलमा लगाइएको गाँजाको बोट उखेल्दै सुरक्षाकर्मी । *तस्बिरः सञ्जीतकुमार मण्डल /रासस*

# कुवेतमा अलपत्र सात कामदारको उद्धार

काठमाण्डु । वैदेशिक रोजगारीका लागि कुवेत गएर अलपत्र परेका सात नेपाली कामदारलाई उद्धार गरी स्वदेश ल्याइएको छ ।

नेपालबाट कामदार भिषामा कुवेत गएका उनीहरूलाई कम्पनीले दैनिक १४ घण्टासम्म काम लगाउनुका साथै दुई महिना हुँदासम्म तलब नदिएको पाइएको छ। अलपत्र परेका उनीहरूलाई धर्म ओभरसिज प्रालि र सञ्चारकर्मी जीवन शर्माको पहलमा गए राति स्वदेश ल्याइएको हो ।

उद्धार गरेर ल्याइएकाहरूमा विवेकराज यादव, एकवाल जोल्हा, इज्हार जोल्हा, हसनराज जोल्हा, निर्मल नेपाली, गणेश कुमाल र भीमप्रसाद राजवंशी छन् । सम्झौताअनुसार तलब र सेवा सुविधा नपाएका उनीहरूलाई कुवेतस्थित रोजगारदाता कम्पनी ग्लोबल टाइम्स कुवेत र कुवेतस्थित नेपाली दूतावासमा पटकपटक ताकेता गर्दा पनि पहल हुन नसकेको धर्म ओभरसिजले जनाएको छ ।

सातैजनालाई हाल चाबहिलस्थित पासा होटलमा राखिएको छ । सम्बन्धित मेनपावरले उनीहरूको पैसा फिर्ता गरेपछि आफन्तको जिम्मा लगाइने बताइएको छ ।रासस

# किसानले कोदो लगाउनै छाडे



डुम्रे । गत वर्षको तुलनामा यस वर्ष तनहुँमा कोदो उत्पादनमा कमी आउने भएको छ ।

जिल्लामा छ हजार तीन सय २० हेक्टर क्षेत्रफलमा कोदो खेती गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष करिब पाँच हजार पाँच सय मेट्रिकटन कोदो उत्पादन हुने अनुमान गरिएको छ ।

यहाँ उत्पादित कोदो जिल्लामा नै खपत हुने गरेको छ । पहाडी क्षेत्रको माथिल्लो भेगमा कोदो खेती गरिँदै आएको छ । कोदोको परिकार स्वास्थ्यको हिसाबले खान उपयुक्त मानिन्छ । कोदोको परिकार स्वास्थ्यवर्द्धक हुने भएकाले जिल्लामा माग बढ्दै आएको तिवारी बताउनुहुन्छ ।

गत वर्ष छ हजार पाँच सय ३० हेक्टर क्षेत्रफलमा पाँच हजार आठ सय २९ मेट्रिकटन कोदो उत्पादन भएको थियो । कोदो रोप्न र चुट्न झन्झटिलो हुने हुँदा खेती गर्न छाड्ने क्रम बढेको तिवारीले बताउनुभयो ।

"पाखो बारीमा नै उत्पादन हुने खेती हो । तर बीउ पारेर रोप्न र चुट्ने समस्याले किसानले खेती गर्नै छाड्न थाले । हरेक खेती हुने क्षेत्रको जमिन बाँझिने क्रममा छ", उहाँले भन्नुभयो । कोदो उत्पादन क्षेत्रको जमिन घट्ने क्रम जारी रहेको उहाँले बताउनुभयो ।

"वन्यजन्तुको समस्याले गर्दा गाउँबाट बसाइँसराइ जाने क्रम छ । विशेष गरी पाखो बारीमा खेती गर्ने जमिन बाँझिदै गएको छ । कोदो लगाउन गाह्रो हुँदा पनि समस्या हुने गरेको छ", तिवारीले भन्नुभयो । अहिले घरवास (होमस्टे) सञ्चालन भएका स्थानमा उत्पादन भएकै ठाउँमा कोदो खपत हुने गरेको उहाँको भनाइ छ ।

बन्दीपुर, व्यास, भानु, ऋषिङ, घिरिङ, भिमाद, देवघाट र आँबुखैरेनीको पहाडी क्षेत्रको उपल्लो भागमा कोदो खेती हुन्छ । ऋषिङ, घिरिङ, भिमादमा कोदोको बढी उत्पादन हुने गरेको उहाँले बताउनुभयो । कोदो उत्पादन भएको स्थानमा नै खपत हुने गरेको उहाँ बताउनुहुन्छ। केही स्थानमा उत्पादित कोदो बाहिर निर्यात गर्ने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । घरवासमा ढेडो, रोटी तथा पिठोबाट बन्ने विभिन्न परिकारको माग होमस्टेमा समेत बढेकाले पछिल्लो समय कोदोको माग बढ्दै गएको छ भने उत्पादन घट्ने क्रममा रहेको किसान बताउँछन् ।

पछिल्लो समय जिल्लामा कोदोको माग बढे पनि स्थानीय उत्पादन कम हुँदा अभाव छ। चालु आर्थिक वर्षमा स्थानीय तहसँग समन्वय गरी कोदोलाई रैथानेबालीप्रवर्द्धनकार्यक्रमअन्तर्गत विशेष प्राथमिकतामा राखी उत्पादन प्रशोधन र बजारीकरण गरी सहज गराउने उद्देश्य रहेको ज्ञान केन्द्रले जनाएको छ ।रासस

# ग्रेडर मेसिन हाँक्दै अनिता



घोराही । दाङको घोराही सहरदेखि गाउँसम्म बिग्रिएका सडक बनाउनेदेखि नयाँ सडकको ट्र्याक खन्ने काममा व्यस्त हुनुहुन्छ, अनिता थारु । साना सवारीसाधन चलाउने महिलाको सङ्ख्याभन्दा ठूला सवारीसाधन चलाउने महिला न्यून छन् । तर अनिता भने विगत चार वर्षदेखि दाङलगायत ठाउँमा सडक तथा पुल निर्माण गर्न ग्रेडर मेसिन चलाउँदै आउनुभएको छ ।

उहाँ डेढ वर्षदेखि घोराही उपमहानगरपालिकामा ग्रेडर अपरेटरका रुपमा कार्यरत हुनुहुन्छ । अनिता पछिल्लो समय भने उपमहानगरपालिका भित्रका विकास निर्माणका काममा ग्रेडर मेसिन चलाउँदै आउनुभएको छ । बाह्र कक्षासम्म अध्ययन सकेर घरमै बसेको समयमा आफन्तको सहयोगमा उहाँ बर्दियाबाट दाङ आएर ग्रेडर मेसिन चलाउन थाल्नुभएको हो । "मैले यतै आएर चलाउन सकेकी हुँ", चालक अनिता बताउनुहुन्छ ।

"कमजोर आर्थिक अवस्थाका कारण पढाइलाई अघि बढाउन नसकेर घरमै बसेकी थिए", उहाँले भन्नुभयो, "घरमा त्यसै बस्नुभन्दा ग्रेडर मेसिन चलाउन सिक्ने सोच बनाए र दाङ आएकी हुँ ।" घोराही-मुर्कुटी सडक बनाउने काममा अनिताका भिनाजुले ग्रेडर मेसिन चलाउनुहुन्थ्यो । उहाँसँगै उक्त सडक निर्माण गर्ने कम्पनीमा सहायक ग्रेडर अपरेटरका रुपमा एक वर्ष काम गरेपछि ग्रेडर चलाउन सक्ने भएको अनिता बताउनुहुन्छ ।

निर्माणको क्षेत्रमा काम गर्न कठिन भए पनि आत्मविश्वास र मेहनतले सफलता हासिल गर्दै गएको उहाँको भनाइ छ । करिब एक चलाउन सिकेपछि अनिताले उक्त मेसिन राम्ररी चलाउन सक्ने हुनुभयो । तर उहाँसँग सवारी चालक अनुमतिपत्र भने थिएन । यसका लागि २०७६ भदौमा तुलसीपुरमा परीक्षा दिनुभयो । परीक्षमा सहभागी १३ जनामध्ये उत्तिर्ण हुने अनिता भने एक्ली महिला हुनुहुन्थ्यो ।

"पहिलो प्रयासमै सवारी चालक अनुमतिपत्र लिन सफ भए", अनिता भन्नुहुन्छ । उहाँले त्यसपछि जागीरका क्रममा दाङ र बर्दियाका विभिन्न ठाउँमा निर्माणसम्बन्धी काम गर्नुभयो ।

"ग्रेडर मेसिन चलाउन सक्थे, तर लाइसेन्स नहुँदा समस्या थियो", उहाँले भन्नुभयो, "विसं २०७६ भदौमा लाइसेन्स खुलेपछि ट्रायल दिए । ट्रायलमा पास भएपछि मलाई काममा सहजता भयो ।" अन्य सवारी साधनभन्दा चलाउन कठिन भए पनि अनुभवले गर्दा सहज लाग्ने गरेको उहाँ बताउनुहुन्छ ।

"अन्य उपकरणभन्दा यो चलाउन निकै कठिन हुन्छ", चालक अनिता भन्नुहुन्छ, "तर आफूभित्रको आत्सविश्वास र निरन्तरको मेहनतले मलाई अहिले सहज भएको छ ।" बेरोजगार बस्नुभन्दा कुनै पनि सीप सिकेर काममा लाग्न उहाँको अरु महिलालाई सल्लाह छ ।

निर्माणका क्षेत्रमा महिलालाई काम गर्न कठिनाइ भए पनि आफ्नो कामबाट आफू सन्तुष्ट रहेको अनिताको भनाइ छ । "निर्माणको क्षेत्रमा काम गर्न गाह्रो भए पनि मलाई यही पेसामा सन्तुष्टि छ", अनिताले भन्नुभयो, "धेरै पढेको भए ठूलो अपेक्षा हुन्थ्यो र अरु काम खोजिन्थ्यो होला । पढ्न सकिएन । त्यसैले ग्रेडर अपरेटर नै मेरा लागि ठीक छ ।"

अनिता परिवारका चार सन्तानमध्ये एक्ली छोरी हुनुहुन्छ । स्थानीय सूर्य माध्यमिक विद्यालयबाट १० कक्षा उत्तिर्ण गर्नुभएकी उहाँले बाँकेको कोहलपुरस्थित बागेश्वरी माध्यमिक विद्यालयबाट १२ कक्षा उत्तिर्ण गर्नुभएको हो । कमजोर आर्थिक अवस्थाका कारण अनिताले पढाइ छोडेर मेसिन चलाउन थाल्नुभयो । सुरुमा चलाउँदा महिलाले पनि ग्रेडर मेसिन चलाउँछन् भनेर धेरैले हेर्न आउने गरेको उहाँ सम्झिनुहुन्छ । "अहिले सबैलाई सामान्य लाग्न थालिसकेको छ", अनिताले भन्नुभयो ।रासस

# पिपुल्स हाइड्रोपावरको आइपिओ बिक्री खुला

काठमाण्डु । पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडले सर्वसाधारणका लागि साधारण शेयरको निष्काशन तथा बिक्री खुला गरेको छ । कम्पनीले आजदेखि सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ)को बिक्री खुला गरेको हो ।

कम्पनीले यसअघि आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट्याइएको शेयर बाँडफाँट गरी बिक्री नभएका आठ लाख छ हजार तीन सय ९० सहित कूल ५६ लाख छ हजार तीन सय ९० कित्ता साधारण शेयर प्रतिशेयर रु एक सय अङ्कित दरमा निष्काशन गर्न लागेको हो । सार्वजनिक आह्वान पत्रानुसार निष्कासित शेयरमध्ये एक लाख ६८ हजार एक सय ९० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारी र दुई लाख ८० हजार तीन सय २० कित्ता शेयर सामूहिक लगानी कोषलाई बाँडफाँट गरी बाँकी रहने ५१ लाख ५७ हजार आठ सय ८० कित्ता शेयरमा सर्वसाधारणले आवेदन दिन सकिने उल्लेख छ ।

सर्वसाधारणलाई बिक्री गरिने शेयरमा लगानीकर्ताले यही कात्तिक २९ गतेसम्म र सो अवधिमा मागबमोजिम आवेदन नपरे आगामी मङ्सिर ९ सम्म न्यूनतम १० कित्तादेखि अधिकतम एक लाख कित्ता शेयर खरिदका लागि आवेदन दिन पाइने छ ।रासस

# बैंकसँग ४/५ अर्ब मात्र नगद तरलता भएपछि राष्ट्र बैंकले आफैँले किन्यो ट्रेजरी विल्स



**टुडे समाचारदाता**

काठमाण्डु । बैंकहरूमा नगद तरलता ४/५ अर्ब मात्र बाँकी भएपछी राष्ट्र बैंकले उनीहरूबाट ट्रेजरी विल्स खरिद गरेको छ।

राष्ट्र बैंकले बिहीबार बैंकहरूबाट २८ अर्ब ५० करोड बराबरको ट्रेजरी खरिद गरेको हो। यसको औसत ब्याजदर ८.३७ कायम भएको छ। राष्ट्र बैंकले ३० अर्ब बराबरको ट्रेजरी सोझै खरिद गर्न सूचना जारी गरेको थियो।

बैंक तथा वित्तीय संस्थाले २० प्रतिशत तरलता अनुपात कायम गर्ने क्रममा ट्रेजरी विल्समा पनि लगानी गरेका हुन्छन्। कतिपय बैंकहरूले यस्तो अनुपात कायम गर्न आवश्यक पर्नेभन्दा बढी रकम समेत ट्रेजरीमा लगानी गरेका हुन्छन्। यसले गर्दा बैंकहरूलाई नगद पुँजी अभाव समेत हुने अवस्थामा राष्ट्र बैंक आफैँले यस्ता ट्रेजरी विल्स खरिद गर्ने गरेको राष्ट्र बैंकका अनुसन्धान विभाग प्रमुख तथा कार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठले बताए । यसरी बिक्रीपछि पाएको रकम बैंकहरूले अनिवार्य नगद अनुपातको रूपमा राष्ट्र बैंकमा राख्नै पर्ने कुल निक्षेपको ४ प्रतिशत रकम कायम गर्न, राष्ट्र बैंकबाट लिइरहेको स्थायी तरलता सुविधा अन्तर्गतको सापटी तिर्न लगायतमा प्रयोग गर्न सक्छन्।

हाल बैंकहरूले अनिवार्य नगद अनुपात कायम गर्न समेत राष्ट्र बैंकबाट लिइरहेको सापटीमा भर परिरहेको कारण यसरी सोझै ट्रेजरी खरिद गरेको हो।

हाल बैंकहरूले राष्ट्र बैंकबाट पाइरहेको सापटी स्थायी तरलता सुविधा अन्तरगत ९० अर्ब रूपैयाँ लगानीमै छ। राष्ट्र बैंकले सरकारको लागि आन्तरिक ऋण उठाउँन ट्रेजरी विल्स जारी गरेको हुन्छ । पछिल्लो समय यसरी बोलकबोलमार्फत् बिक्री गरेको ट्रेजरीमा बैंकहरूले औसत १० प्रतिशत माथि ब्याज मागिरहेका छन्। राष्ट्र बैंकले यो ब्याजदर घटाउन समेत यसरी आफैले ट्रेजरी विल्स बैंकहरूबाट खरिद गर्ने गरेको छ ।

# खपत घटेपछि सिमेन्ट उद्योगमा देखिन थाल्यो समस्या

काठमाण्डु । हिउँद लागेको छ । यस यामलाई विकास निर्माणका समयका रुपमा पनि लिइन्छ । विकास निर्माणको समय सुरु भए पनि सिमेन्ट तथा छडको माग भने न्यून भएको पाइएको छ । पछिल्लो केही समययता सिमेन्ट तथा रडको खपत न्यून रहेको व्यवसायीहरुले बताएका छन् ।

नेपाल राष्ट्र बैंकले गरेको कडाइ तथा देशमा तरलता अभावका कारण बैंक तथा वित्तीय संस्थाले घर तथा आवास निर्माणका लागि सहजरुपमा ऋण नदिँदा सिमेन्ट तथा रडको माग नभएको व्यवसायीको भनाइ छ ।

बजारमा निर्माण सामग्रीको माग न्यून हुँदा मूल्यसमेत घट्न थालेको निर्माण सामग्री व्यापार सङ्घका वरिष्ठ उपाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिनुभयो ।

बैंकले ऋण नदिँदा तथा तरलता अभावका कारण निर्माण क्षेत्रमा मन्दी आएको उहाँको भनाइ छ । उहाँका अनुसार दसैँयता सिमेन्ट प्रतिबोरामा रु ५० र छड प्रतिकेजी रु सातदेखि रु नौसम्म सस्तो भएको छ । तरलता अभावकै कारण घर बनाउने घट्न थालेपछि फलामजन्य सामग्रीको मूल्य घटेको व्यवसायीको भनाइ छ ।

**क्षमताभन्दा आधा उद्योग सञ्चालन**

तरलता अभावका कारण पछिल्लो समय बजारमा माग घट्दा अधिकांश सिमेन्ट उद्योगले उत्पादन कटौती गर्न थालेका छन् । निर्माणजन्य गतिविधि न्यून हुँदा खपत हुन नसकेको तथा खपत नहुँदा अहिले सिमेन्टमा उद्योग वित्तीय सङ्कट देखिन थालेको सिमेन्ट उद्योगीले बताउन थालेका छन् ।

बजारमा सिमेन्टको मागमा उच्च गिरावट आएपछि हाल सञ्चालनमा रहेका अधिकांश सिमेन्ट उद्योगले क्षमताभन्दा न्यूनमात्रामा सिमेन्ट उत्पादन गर्दै आएका छन् । नेपाल सिमेन्ट उत्पादक सङ्घका उपाध्यक्ष ताराप्रसाद पोखरेले सिमेन्टको माग न्यून हुँदा क्षमताअनुसार उत्पादन नभएको बताउनुभयो । निर्माणको समय सुरु भए तापनि बजारमा चहलपहल नहुँदा न्यूनमात्रामा सिमेन्ट खपत हुन थालेको उहाँको भनाइ छ ।

उहाँले पछिल्लो केही दिनयता धेरै सिमेन्ट उद्योगले १५ देखि एक महिनाको समय राख्दै उद्योगले न्यूनमात्रामा न्यून उत्पादन गर्न थालेका छन् । गत भदौमा मात्र गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर प्रमाण चिह्न (एनएस) पाएको हुवासिन सिमेन्टले सीमितमात्रामा मात्रै उत्पादन गरिरहेको छ ।

हुवासिन सिमेन्ट उद्योगका उपमहाप्रबन्धक डिल्लीराज पोखरेलका अनुसार सिमेन्टको माग कम हुँदा केही समयका लागि उत्पादन कटौती सीमित गरिएको छ । सिमेन्ट उत्पादकका अनुसार एक दर्जन हाराहारीमा उद्योग बन्द छन् । बजारमा सिमेन्टको बिक्रीवितरण भइरहेको भए पनि उद्योगमा उत्पादन भने कटौती गरिएको र सटडाउनकै अवस्थामा छभन्दा पनि फरक नपर्ने उहाँको भनाइ छ ।

उत्पादन लागतभन्दा कम मूल्यमा ठूलो रकम नोक्सानी व्यहोरेर सिमेन्ट बिक्री गरिएको कम्पनीको दाबी छ । 'हामीले उद्योग स्थापना गरेसँगै विभिन्न खालको समस्या बेहोर्नुपरेको थियो, अहिले बजारमा आर्थिक मन्दी आउँदा ठूलो रकम नोक्सानी खाएर भए पनि सिमेन्ट बिक्री सुरु गरेका थियौँ', उहाँले भन्नुभयो, 'बजारमा सिमेन्टको माग नहुँदा सञ्चालन खर्चमा मात्र वृद्धि भयो । सञ्चालन खर्च र धेरै मौज्दातका कारण केही समय न्यून उत्पादन गर्नुपरेको छ ।' रासस

# निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक बनाउँने प्रतिबद्धता

खोटाङ । वाम-लोकतान्त्रिक गठबन्धन खोटाङका उम्मेदवार हरूले निर्वाहमुखी परम्परागत खेती प्रणालीलाई व्यावसायिक खेतीमा रुपान्तरण गर्ने प्रतिबद्धता जनाएको छ । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा चुनावी तालमेल गरेका नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) का साझा उम्मेदवारले संयुक्तरूपमा हातेपर्चा प्रकाशन गरेर प्रतिबद्धता जनाएका हुन् ।

खेतीपाती, पशुपालन, फलफूल खेतीलाई व्यावसायीकरण गर्नका लागि पकेट क्षेत्र निर्धारण गरेर कार्यक्रम लागू गर्ने, कृषिलाई आधुनिकीकरण र व्यवसायीकरणको लागि आधुनिक यन्त्र, मल र बीउको व्यवस्था गर्ने बताएका छन् ।

बहुउद्देश्यीय नर्सरी स्थापना गर्न समूह, सहकारी तथा कृषि फार्ममार्फत अनुदानको व्यवस्था मिलाउने, खाद्यान्न, फलफूल र तरकारी आदि कृषि उत्पादनको लागि सङ्कलन र शीतभण्डारण केन्द्र स्थापना गर्नुका साथै बजारीकरण र प्रशोधनको व्यवस्था गर्ने वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारले प्रकाशन गरेको संयुक्त प्रतिबद्धतापत्रमा उल्लेख छ ।

कृषिमा जैविक (अर्ग्यानिक) उत्पादनलाई विशेष जोड दिँदै रैथाने बालीको अनुसन्धान र संरक्षण गर्ने, कृषिजन्य उद्योग स्थापना तथा कृषि पर्यटनमा विशेष जोड दिने, हिउँदको समयमा सिँचाइको सुविधा पुर्‍याउन अम्ला ठाउँमा रिचार्ज पोखरी निमार्ण गर्ने, किसानलाई बाँदर तथा अन्य जङ्गली जनावरको आतङ्कबाट मुक्ति दिलाउन प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरी जङ्गली जनावरको क्षतिपूर्तिको उचित व्यवस्थापन तथा सहुलियतमा कृषि बीमा गर्नेलगायतका बिषय समेटिएको छ ।

वाम-लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यमा नेकपा (माओवादी केन्द्र) का पोलिटब्यूरो सदस्य रामकुमार राई, प्रदेशसभा (१) मा नेकपा (एकीकृत समाजवादी) तर्फबाट वीरबलकाजी राई र प्रदेशसभा (२) नेपाली कांग्रेसबाट भूपेन्द्र राई उम्मेदवार रहनुभएको छ ।

एक लाख ४२ हजार सात सय ९२ मतदाता रहेको जिल्लामा वाम-लोकतान्त्रिक गठबन्धन र नेकपा (एमाले) का उम्मेदवारबीच प्रतिस्पर्धा हुने देखिएको छ । एमालेबाट प्रतिनिधिसभा सदस्यमा पार्टी पोलिटब्यूरो सदस्य विशाल भट्टराई, प्रदेशसभा (१)मा संविधानसभा सदस्य पाँचकर्ण राई र प्रदेशसभा (२)मा जिल्ला अध्यक्ष रामप्रसाद दङ्गाल चुनावी मैदानमा उत्रनुभएको छ ।

# एकै दिन एक हजार तीन सयले बढ्यो सुनको मूल्य

काठमाण्डु । सुनचाँदी बजारमा शुक्रवार छापावाल सुनको मूल्य अघिल्लो कारोबारका तुलनामा प्रतितोला रु एक हजार तीन सयले बढेको छ । बिहीबार प्रतितोला रु ९५ हजार चार सयमा कारोबार भएको सुनको मूल्य शुक्रवार प्रतितोला रु ९६ हजार सात सय तोकिएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९६ हजार दुई सय छ । तेजाबी सुनको मूल्य अघिल्लो दिन प्रतितोला रु ९४ हजार नौ सय थियो ।

त्यस्तै शुक्रवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु १० ले बढेर रु एक हजार दुई सय ९५ पुगेको महासङ्घले जनाएको छ । महासङ्घले अन्तर्राष्ट्रिय बजारको सुन तथा चाँदीका कारोबार मूल्यका आधारमा यहाँ दैनिक मूल्य तोक्दै आएको छ । रासस

# 'मल दिनुस्, मत लिनुस्'

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधिसभा र प्रदेससभा निर्वाचनको उम्मेदवारसंग मतदाताहरुले किसानको समस्या समधान गर्न माग गरेका छन् । खेतीकै याममा मल अभाव हुने,सिंचाई नहुँदा खेत बाँझो राख्नु परेको र उत्पादन नहुने गरेको समस्या निराकरण गर्ने सम्बन्धी योजना ल्याउन किसानहरुले उम्मेदवारसँग माग गर्ने गरेका छन् । मध्य वर्गका समुदायमा उम्मेदवारहरु मत माग्न पुग्दा किसानको समस्या उत्थान गर्न माग गर्दै आएका छन् ।

घरदैलोमा पाँच दलीय गठबन्धनका उम्मेदवार अनिल झा र प्रदेशसभा सदस्य पदका उम्मेदवार रामसरोज यादव पुग्दासमेत मतदाताहरुले मलकै समस्या उठान गरेका थिए ।

उम्मेदवारहरुले प्रत्येक चुनावको बेला घोषणापत्रमा सिंचाई र मल उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि त्यो कार्यान्वयन हुन नसकेको स्थानीय सीताराम यादवले बताए। उनको खेत वर्षातको याममा डुबानमा हुन्छ भने अन्य दिन खडेरी जस्ता समास्यामा पनि ध्यान दिन उनले उम्मेदवार द्वयलाई आग्रह गरे ।



'किसानको समस्या वर्षौंदेखि यथावत् छ । यहाँ बाढीमा डुबान हुन्छ वर्षातमा खडेरी,'उनले भने,'मल, बीउ त समयमा पाउँदैनन् । सडक र सिंचाईको के कुरा गर्नु ? त्यसकारण हामी तपाईहरुलाई सर्मथन गर्छौ तर हाम्रो समस्या नर्बिसेर समाधान गर्नेतर्फ लाग्नु होला ।' सीताराम यादव ६० वर्षदेखि मतदान गर्दै आइरहेका छन् । अहिले उनको उमेर ८३ वर्ष पुग्यो । उनी परम्परागत रुपमै खेतीपाती गरी परिवार पाल्ने गरेका छन् । तर उनले सरकारबाट पाउने कुनै सुविधा किसानको रुपमा नपाएको गुनासो गरे ।

'खेतमा आवश्यक पर्ने मल पनी यहाँको जनता भारतबाट ल्याउँछ । यहाँबाट जितेर गएको नेता के गरेको छ खै ?,'उनले भने ,'त्यसकारण मलको व्यवस्था गर्नुस् हामी मत दिन तयार छौं ।'सीताराम जस्तै रवि सादाको पनि गुनासो छ । उनले दश कट्ठा जग्गा जग्गा लिजमा लिएर धान खेती गरे । तर मल र पानी अभावमा राम्रो उत्पादन हुन नसकेको उनले बताए । ०७४ को चुनावमा उम्मेदवारहरुले गरेको वाचा सम्झिँदै नेताको भाषणबाट दिक्क भएको बताउँछन् ।

सोही बस्तीकी रामकलि सदाले पनि दलितको समस्या समाधान गर्न कोही नभएको बताइन् । दुई धुर जमिन घर रहेको उनको परिवार मजदुरी गरी गुजारा गर्छन् । रोजगारीको वयवस्था गर्ने नेतालाई भोट दिने मन थियो । तर अहिलेसम्म त्यस्तो नेता नपाएको उनले बताइन् ।

भत्किएको घर मर्मत गर्न आर्थिक समस्या भएको भन्दै उनले गत निर्वाचनमा पक्की घर बनाइदिने नेताहरुले आश्वासन दिएको उनले सम्झिइन् । 'मत माग्ने उम्मेदवारले पक्की घर बनाइदिने आश्वासन दिएको पनि पाँच साल बितिसक्यो,'उनले भनिन्,'तर नयाँ घरको के कुरा भत्किएको घर पनि मर्मत गर्दिएन कसैले ।'

रामविलास पासवान बिरामीले थला परेको १३ वर्ष भयो । पक्षघातले सामान्य हिडडुल बाहेक केही गर्न सकेका छैन् । तर सरकारबाट उनले कुनै सहयोग न पाएको बताउँछन् । उनले स्थानीय सरकारमा आर्थिक सहयोगको लागि कतिपटक गुहार गरे, तर सबैले आलटाल गरेको उनको आरोप छ । 'कहिले कर्मचारी छैन् भन्छन् त कहिले मेयर । कहिले के सिफारिस ल्याउनु भन्छन् कहिले के,'उनले भने,'स्पष्ट रुपमा कुन कुन कागजात चाहिन्छ कसैले भन्दैनन् । तर घुमाएर अनावश्यक दुःख दिने काम गर्छन् ।'

# आन्दोलनमा अगाडि, विकासमा पछाडि

**टुडे समाचारदाता**

वीरगञ्ज । आर्थिक तथा व्यापारिक नगरी वीरगञ्ज आन्दोलनमा अगाडि रहे पनि विकासमा अहिलेसम्म पछाडी नै देखिएको छ ।

संविधानमा समावेश हुने अधिकारका कुरालाई लिएर मधेशमा विरोधको स्वर पहिलेदेखि आउन थालेको भए पनि २०७२ साउन ३१ देखि सो आन्दोलन अनिश्चितकालीन तराई-मधेश आमहडतालमा परिणत भएको थियो । मधेश केन्द्रित दलहरूको अगुवाइमा चलेको आमहडताल माघ २२ मा बिना कुनै औपचारिक घोषणामा सकिएको थियो ।

वीरगञ्ज नाका अवरुद्ध गर्नेगरी भएको आन्दोलन अहिले पनि यहाँका आम मानिसको सम्झनामा ताजै छ । वीरगञ्जमा सुरुका दिनमा गरिएका प्रदर्शन शान्तिपूर्ण थिए । पर्याप्त कारण बिना नै भदौ १४ का दिन कर्फ्यु घोषणा गरिएपछि वीरगञ्जमा आन्दोलन उग्र भएको थियो । असोज ३ मा नयाँ संविधान जारी हुँदासम्म यहाँ ५ जना आन्दोलनकारीको ज्यान गइसकेको थियो । संविधान जारी भएको दिन वीरगञ्जको सडकमा निषेधित क्षेत्र भंग गर्दै उत्रिएका हजारौं प्रदर्शनकारीले हात र टाउकोमा कालोपट्टी बाँधेका थिए । करिब घरघरमा कालोझण्डा झुण्ड्याइएको थियो । दिउँसो प्रदर्शनकारीमध्ये शत्रुधन पटेल गीता मन्दिर रोडमा प्रहरीको गोलीले मारिए । राति 'ब्ल्याक आउट' गरियो । उता देशको अन्य भागमा दीपावली मनाइँदै थियो ।

संविधान जारी भएपछिको एक हप्ता वीरगञ्जको भयावह निषेधाज्ञा भंग गर्दै दिनहुँ प्रदर्शन हुने र प्रहरीले दमन गर्ने क्रम चलिरहेको थियो । शहरमा दमन बढ्यो भन्दै २०७२ असोज ७ मा आन्दोलनकारीहरू वीरगन्जस्थित मुलुकको मुख्य व्यापारिक नाका बन्द गर्नेगरी धर्ना सुरु गरेका थिए ।

नेपाली सुरक्षाकर्मीले सीमाबाट आन्दोलनकारी धपाउने प्रयास गरिरहँदा सीमापारिका नागरिक र सुरक्षाकर्मीले आन्दोलनकारीलाई पानी र खानेकुराको प्रबन्ध सुरु गरेका थिए ।

राज्यको ठोस प्रयास वा आन्दोलनकारीको निर्णयबिना ०७२ माघ २३ मा नाका खुलेदेखि स्वतः ६ महिने आन्दोलन पनि टुंगिएको थियो ।

मुलुककै आर्थिक महानगरी यसरी छ महिनाको बन्दी र नाकाबन्दी बेहोर्नु परेको थियो । परिणाम स्वरुप वीरगञ्जले के पायो ,के गुमायो ? सधै र सबैसंग अर्थात सिंगो मुलुकसँगै गर्दै आएको प्रश्न हो ।

मधेशी दलले आन्दोलनभरि वीरगन्जलाई राजधानी बनाउने सपना बाँडिरहे । उपेन्द्र यादवदेखि राजेन्द्र महतो र महान्थ ठाकुर लगायतका सबै नेताले वीरगञ्जलाई प्रदेशको राजधानी बनाउने भाषण गर्दै रहे तर प्रदेशको राजधानी जनकपुरधाम भयो । त्यसपछि आर्थिक राजधानी बनाउने भन्दै मधेशीदलका नेता वीरगञ्जलाई आश्वासन दिने गरेका छन् ।

आर्थिक महानगरी मात्र होइन वीरगञ्ज मुलुककै चाहि मूल प्रवेशद्वार पनि हो । आर्थिक राजधानीका रुपमा चिनिएको यो शहरले राज्यद्धारा असुल हुने करको सबै भन्दा हिस्सा बेहोर्दै आएको छ । सामाजिक र सांस्कृतिक विविधताले भरिएको मध्य तराइको यो आर्थिक महानगरमा रहेको नेपाल-भारत-सीमा-नाका अर्थात आइसिपि र सुख्खा बन्दरगाहमा रहेको भन्सारमार्फत देशलाई राजस्वको सर्वाधिक ठूलो हिस्सा अर्थात् ४३ प्रतिशत राजस्व बुझाउँदै आएको छ । अनि राजधानी काठमाण्डु लैजाने ७५ प्रतिशत सामग्री यही सहर हुँदै पठाइन्छ । सरकारले पाउने कुल औद्योगिक कर मध्ये वीरगञ्ज क्षेत्रमा रहेका उद्योगबाट ४० प्रतिशत राजस्व संकलन हुन्छ। अर्थात वीरगञ्ज सिंगै देशको 'लाइफ लाइन' हो ।



तर, मधेश आन्दोलनको रापतापको कारण कतिपय व्यापारिक कारोवार र उद्योगहरु भैरहवा सारिए । नाकाबन्दीको राजनैतिक प्रतिशोध स्वरुप वीरगञ्जले कायम गर्दै एकलौटी राजश्व असुलीको अधिपत्यलाई सिध्याउन भैरहवालाई वैकल्पिक भन्सारको रुपमा स्थापित बनाउने ओली सरकारले निर्दिष्ट अभियान नै चलायो । वीरगन्जका कतिपय उद्योगहरुमा स्वयम वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवबाट छापामारीको अभियान नै चलाइयो । परिणाम स्वरुप वाध्य भएर वीरगञ्जका उद्योगपतिहरु सर्वोच अदालतसम्म पुगे ।

ग्रेटर वीरगञ्ज,आर्थिक कोरिडोर र संयुक्त ढुवानी व्यवस्थापन केन्द्र लगायत कतिपय वीरगञ्जका सपनाहरु दशकौं देखि नारामा मात्र सीमित छन् । मुलुककै दोश्रो ठूलो रंगशालाको रुपमा मानिने नारायणी रंगशालाको अवस्था जीर्ण छ । मधेश प्रदेशकै ठूलो तथा पुराना नारायणी अस्पताललाई केन्द्रीय अस्पताल घोषणा गरिए पनि , भवन निर्माण तथा व्यवस्थापन लथालिंग छ । वीरगञ्जको मूल सडक फराकिलो गरी निर्माण गरिने कुरा हरेक दल सडक विभागको लागि तर्साउन र आर्थिक कमाउन साधन बनेको छ। सिरिसिया नदीलाई प्रदूषित पानी रहित बनाउने सबैले भाषणमा मात्रै सीमित राखेका छन् ।

आर्थिक सम्भावना बोक्ने मुख्य शहरहरु खोजी गर्नुपर्यो भने मानिसहरु सुरुको लहरमै वीरगञ्जलाई सम्झन्छन् ।

वीरगञ्जको वैभव र समृद्धिको आकांक्षा पुनर्जागृति हुने कुरा चुनावको बेला दल तथा उम्मेदवारहरुको भाषणमा मात्रै सीमित देखिएको छ । कृष्ण प्रसाद भट्टराई जस्ता सन्त नेतालाई वीरगञ्जले जिताए प्रधानमन्त्री समेत बनाए । तर सिरिसियामा दुईवटा पुल र एउटा शिक्षण मेडिकल कलेज केही पाएन ,त्यो पनि मेडिकल कलेज नेताहरुकै मौनता र र आर्थिक चलखेलमा नीजिकरण भइरहेको छ ।

जसले नीति ल्याए पनि 'वीरगञ्जको विकल्प वीरगञ्ज नै'अधिवक्ता रामेश्वर सेढाइको तर्क छ ।उनी भन्छन् ' वीरगञ्जलाई दोहनको केन्द्र नबनाऔं ,विविधतापूर्ण समाजलाई प्रवर्द्धन गरौं, विस्तार गरौं । '

'फास्टट्रयाक'को निर्माणसँगै अब एक घन्टामा वीरगञ्जबाट काठमाण्डु पुग्ने दिन आउँदैछ । त्यसो भएपछि बसोबास काठमाण्डु, कामचाहिँ वीरगञ्जमा हुने दिन पनि आउला ।' भने परिकल्पना प्रदेश सभाका उम्मेदवार रहेका ओम प्रकाश सर्राफको छ । उनी भन्छन्, 'वीरगञ्जलाई औद्योगिक नगरी बनाउन परिकल्पना गर्नु जरुरी छ । त्यसो गर्दा रोजगारी, आर्थिक गतिविधि त बढ्छन्, औद्योगिक पूर्वाधारको एउटा सर्त बिजुली हो । अलिकति बिजुली पाउनासाथ उद्योगहरू जुर्मुराउन सक्छन् । दोस्रो, बजार हो । त्यसका लागि सडक चाहिन्छ ।मुख्यमन्त्रीले गर्न भ्याएनन ,आफु जितेपछि गरेर देखाउछु ।'

'वीरगन्ज विशेष आर्थिक क्षेत्र बन्न सक्छ' स्वतन्त्र एवम नेपाली कांग्रेसका बागी उम्मेदवार अजय द्विवेदी बताउँछन् ,नेपाली कांग्रेस पर्साका पूर्व सभापतिसमेत रहेका द्विवेदी ,वीरगन्ज आर्थिक राजधानीमात्रै होइन, सामाजिक सद्भाव र संस्कृतिको शहर भएको पनि दाबी गर्छन ।अबको समय दलगत स्वार्थ भन्दा पनि विकास नै मुलुकको मुख्य एजेन्डा हुनु पर्दछ भन्दै उनले भने, 'कृषि औजार कारखाना, वीरगन्ज चिनी कारखाना नेपालकै इतिहास बोकेका पुराना उद्योग छन् ।'

वीरगञ्ज भनेको मध्य तराईका प्रतिनिधित्व गर्ने 'लिडिङ मेटोपोलिटन सिटी' पनि हो । जितपुर-सिमरा उपमहानगरपालिका, पोखरिया नगरपालिका, कलैया उपमहानगरपालिका समेतको अगुवा शहरलाई व्यस्थापन गर्दै यसलाई उद्योगको हबको रुपमा बनाउन सकिने धारणाहरु पनि पहिलादेखि उठदै आएका छन् ।

हरेक आन्दोलनको इपिक सेन्टर वीरगन्ज भए पनि केन्द्र र प्रादेशिक सरकारको उपेक्षामा वीरगञ्ज सधै पर्दै आएको विश्लेषक चन्दकिशोरको रहेको छ । उनी भन्छन्,वीरगञ्जको विकास अहिलेसम्म भूगोलको आधारमा मात्र भएको छ।यहा निर्माण भएको आइसिपि र सुख्खाबन्दरगाह केन्द्रीय भौगोलिकता र भारत तथा तेश्रो मुलुकसम्मको पहुँचको आधारमा निर्माण गरिएको छ । जुन मुलुकको आवश्यकता थियो ।' मधेश आन्दोलनपछि संघीय सरकारले रुपन्देहीमा करोडौंको परियोजनाहरु लगे पनि वीरगञ्जलाई संघ र प्रदेश दुबैले उपेक्षा गरेका उनको दाबी छ ।

महानगरको रुपमा स्थापना भएको स्थानीय सरकारका मेयरहरुमा पनि खासै दूरदर्शिता नदेखिएको कारण यहाँ रहेका एसियाली डेभलप्मेन्ट विकास बैकको लगानी पनि असफल भएको विश्लेषक चन्दकिशोरको तर्क छ ।

केन्द्र र प्रदेश सरकार अनि स्थानीय सरकार, महानगर सबैले यसका लागि योजना बनाउनुपर्छ । फास्टट्र्याक र आर्थिक करिडोरसँगै वीरगञ्ज विशेष आर्थिक क्षेत्रका रूपमा विकसित हुने सम्भावना भए पनि नेतृत्वको उपेक्षाको कारण सधै पछाडि पर्दै आएको देखिएको छ ।

लुम्बिनी, सिम्रौनगढ, गढीमाई, पर्सा वन्यजन्तु जस्ता विषयलाई वीरगन्जले नै अगाडि बढाउन सक्छ। कांग्रेस, एमाले, माओवादी वा कुनै दललाई दोष दिएर पुग्दैन । समग्रमा राजनीतिक नेतृत्व वीरगञ्जमा कमजोर देखिएको पत्रकार के सी लामिछानेको दावी छ ।

'विकासको मुद्दामा नेतृत्व एक ठाउँमा आउन नसकेर यस्तो भएको हो , सबै नमिले न देश चल्छ, नत वीरगञ्ज ।' विकासको यो कस्तो शैली हो, बुझ्न कठिन भएको छ । यहाँ दल, नागरिक समाज, उद्योगी सबैले चिन्तामात्रै गरे, तर यहाँबाट कसरी राम्रो गर्ने भन्ने साझा सोच देखिएको छैन् ।

राज्यले घोषणा नगरे पनि पूर्वाधार नबनाएर पनि हामीले औद्योगिक करिडोर भनेका छौं । अरुले नभने नभनोस्, तर आर्थिक राजधानी भनेका छौं । योजनाबद्ध काम अघि बढाए वीरगञ्ज क्षेत्र अर्को सौराहा बन्ने सम्भावना छ । आर्थिक समृद्धिको दिशामा सुझबुझ देखाउन सक्नुपर्छ ।

वीरगञ्जमा नेताहरूले आजसम्म केही नगरेको पूर्व मेयर विजय सरावगीको दाबी छ । उनी भन्छन, 'वीरगञ्ज स्वतः बनेको शहर बनेको हो । सेवाग्राही बनेर नगरपालिका कार्यालय जाँदा बिना पैसा केही काम भएको हुँदैन । यहाँ सरकार होइन, उद्योग-वाणिज्य संघ आशाको केन्द्रविन्दु बनेको हुन्छ । उद्योगी-व्यवसायीले यहाँ घण्टाघर, स्टेडियम, भन्सार गेट, चन्दाबाट बनाएका छन । '

कार्यकर्तालाई खुवाउन मात्रै विकास आयोजना प्रयोग हुदै आएको क्रम भत्किन आवश्यक रहेको सरावगीको तर्क छ । टिकट किन्नुदेखि चुनाव जितेपछि पार्टीका केन्द्रीय नेतालाई चन्दादेखि तल कार्यकर्तालाई बजेट दिएपछि विकास कसरी हुन्छ ?सरावगीको प्रश्न रहेको छ ।

# गठबन्धनलाई किन भोट दिने ?



**ब्लग**



**श्यामसुन्दर शशि**

सामा-चकेवाको विसर्जनसंगै सांस्कृतिक तथा धार्मिक पर्व त्यौहारको मौसम सम्पन्न भए पनि प्रदेश र प्रतिनिधिसभा निर्वाचनरुपी राजनीतिक महापर्वले आम नागरिकलाई पुनः गतिशील बनाएको छ । गाउँ-नगर राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरुको पर्चा-पम्पलेट,तुल-बैनरले रंगी-चंगी बनेको छ। आफ्नो पक्षमा मतदान गर्न अनुरोधसहितका गीत संगीतले गाउँ-नगरमा कोलाहलमय मचेको छ । सदनमा हुंदा मैथिलीको नामसमेत उच्चारण नगर्ने,मिथिला मैथिलीको विपक्षमा उभिने उम्मेदवारहरु पनि मतदातालाई भन्दै छन्- हम तोरे बेटा पोता छियौ । अपन बेटा पोताके भोंट नहि देबही ।' यदि जानकीजी हुंदा हो भन्ने अवश्य भन्ने थिइन, ' जो रे कपुतरहा....तोरेसुनके बेटा पोता अपन मायके बृद्धाश्रममे रखै है आ दोसरके बापके 'बा' कहै है ।' चुनाव प्रचारको क्रममा सुनिएका मैथिली लोकगीतहरुको धूनले प्रमाणित गरेको छ । मैथिली जनजनको भाषा हो । उम्मेदवारहरुको भाषण र प्रचार सामग्रीले प्रमाणित गरेको छ -' देशिल वयना सबजन मिट्ठा ।'

उम्मेदवारहरुको व्यस्तता र धपेरी भनि साध्य छैन । दिनभरि घरदैलो । राति चुनावी परिचर्चा,भोलिको कार्यक्रम निर्माण तथा फण्डको जोहो । त्यसपछि समर्थकहरुको सामरससहितका भोज भतेर । सांचै गाउँ नगरको वातावरण त्यौहारमय बनेको छ। उम्मेदवारहरुको झुठा आश्वासन,भाषणवाजीरघोषणाहरुले मतदातालाई वाक्क दिक्क बनाएको छ - को वड छोट कहत अपराधू ....। सबका सब भन्दै छन् -' म यस क्षेत्रको बेटा हुँ। बेटी हुँ । मैले आफ्नो भूमिको लागि नगरे कस्ले गर्ला । भोट मलाई दिनु ।' फेरि यसो आश्वासन दिने वा वाचा वन्धन गर्नेहरुमा पटक पटक निर्वाचन जिति सकेका र हारेकाहरु पनि छन् । आममतदातालाई थाहा हुनु पर्ने हो - सम्मानित सर्वोच्च अदालतले ' नो नोट अगेन ' अर्थात् होइन,अब दोश्रो तेश्रो पटक होइन ।' अभियानलाई निरन्तरता दिने आदेश सुनाएको छ । अर्थात् अव कामै नगरी दोहरिएर,तेहरिएर मत मांग्न आउने उम्मेदवारहरुलाई विनम्रतापूर्वक भन्न सक्नु हुन्छ -' तपाई केही गर्न सक्नु भएन । भो,अब विश्राम गर्नोस् । नयाँलाई मौका दिनोस् ।'

स्मरण रहोस् , निर्वाचनमा दोहरिएर,तेहरिएर आउँने उम्मेदवारहरु भोलि आफ्नै श्रीमती,छोरा,छोरी वा आफ्न्तलाई उम्मेदवार बनाएर फेरि भोट माग्न आउँन सक्छन् । होस् गर्नोस- तपाई अरुलाई भोट दिनकै लागि जन्मिनु भएको होइन । तपाईसंग भोट माग्नेले तपाईलाई वा तपाईका सखा सन्तानलाई कहिल्यै भोट दिएका छन ? छैनन भन्ने तपाईमात्र पटक पटक एउटै पात्रलाई आजिवन किन भोट दिइरहने ?

धनुषाका ४ प्रतिनिधिसभा र ८ प्रदेशसभाका लागि लगभग २ सय २५ जनाले उम्मेदवारी दिएका छन् । मतदाता झुक्याउन दुई थान गठबन्धन बनेको छ । अन्य दलहरुका तथा स्वतन्त्र उम्मेदवारहरु पनि मैदानमा छन् । सबका सभ होनहार। ६० कटेका भए पनि युवा। ईमानदार,कर्तव्यनिष्ट,विकासप्रेमी,' जातिपर नै पातपर मोहर लगाउ फल्ला छापपर ' नारा लगाउँने अनि राति राति अ-आफ्ना जातिका माइजन-देवानको घर चहार्ने । चुनावमा पैसाको खोला बहाउने उम्मेदवारहरुको चुरी फूरी अलि बढिनै देखिन्छ।

कर्णप्रिय भाषण,आश्वासन तथा घोषणापत्रहरुको ओइरो छ। राजनीतिक दलहरुले केन्द्रबाटै चुनावी घोषणापत्र जारी गरे पनि केही ठूला पार्टीहरुले प्रदेश स्तरमा पनि घोषणापत्र जारी गरेका छन् । स्वतन्त्र उम्मेदवारहरुले पनि अ-आफ्ना प्रतिबद्धता लिखितरुपमै सार्वजनिक गरेका छन् । नेपालमा आम निर्वाचनको आरम्भ २०१५ सालदेखि भएको मानिन्छ । जनतासंग चुनावी वाचा वन्धन गर्ने सृंखला त्यतिबेलादेखिनै सुरु भएको पाइन्छ । तर यतिकै वर्ष बिति सक्दा पनि यी वाचा वन्धनहरु पूरा भएको छैन । तर आज मैले अलि वेग्लै प्रसंग कोट्याउन चाहेको छु । त्यो के भन्ने गठबन्धनको नाममा युगलबन्दी गरेका दलहरुबीचको अप्राकृतिक मिलन देशलाई सही बाटो देला जस्तो छैन ।

सत्ता गठबन्धनमा नेपाली कांग्रेस,माओवादी केन्द्र,एकीकृत समाजवादी पार्टी,लोकतान्त्रिक समाजवादी पार्टी र डा.बाबूराम भट्टराईनेतृत्वकोनेपालीसमाजवादी पार्टी छन् । कांग्रेस यथास्थितिमा रमाउने दल हो । यसले वर्तमान संसदीय व्यवस्थालाई सिद्धान्ततः स्वीकार गरेको छ । माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी पनि यथास्थितिवादी पार्टी हो । मधेश केन्द्रित लोसपा नागरिकता र संविधान संशोधन लगायतका विषयलाई प्राथमिकता दिएको छ । डा.भट्टराईको पार्टी भने प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति,सांसदहरुलाई मन्त्री नबनाउने तथा राइट टू रिजेक्ट तथा राइट टू रिकल जस्ता प्रगतिशील विचार लिएर चुनावमा उत्रेको छ। यस्तो अप्राकृतिक गठबन्धनको नेतृत्वमा सरकार बन्दा कुन दलको घोषणापत्र सरकारको मार्गदर्शक बन्ने ? प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा रहेका मतदाताहरुले डा.भट्टराईको दललाई दिएको मतको सम्मान हुने कि नहुने ?

नागरिकता विधेयक रोक्न लगाएको आरोप लागेको नेकपा एमालेको नेतृत्वमा अर्को गठबन्धन छ । जसमा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको विरोधी तथा राजतन्त्रको समर्थक राप्रपा र राप्रपा नेपालजस्ता दक्षिणपन्थी दलहरुसंगै मधेश आन्दोलनको नेतृत्वकर्ता उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी पनि छन् । सम्भवतः एमालेको त्रासले होला, जसपाले आफ्नो घोषणापत्रमा नागरिकता विषयमा एक वाक्यमात्र खर्चेको छ । यस प्रकार संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर र विरोधी दलहरु बीचको गठबन्धनलाई के भन्ने ? धर्मनिरपेक्षताको पक्षधर र विरोधीबीचको मिलनलाई के भन्ने ? नागरिकता विधेयक विरोधी र पक्षधर दलबीचको सहकार्यलाई के भन्ने ? अप्राकृतिक गठबन्धन भन्ने कि नभन्ने ?

छिमेकी मुलुकमा पनि अप्राकृतिक गठबन्धन बनाएर निर्वाचनमा गएको उदाहरणहरु छन् तर यी दलहरुले न्यूनतम साझा कार्यक्रम बनाएर मतदाता समक्ष गएका थिए । यहाँ त सबै दल अ-आफ्नै मादल पिट्दै छन् अनि भोट गठबन्धनलाई दिन भन्दैछन् । अब भन्नोस प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा रहेका मतदाता पारम्परिक संसदीय व्यवस्थाको पक्षधर पार्टीको नेतृत्वमा रहेको सत्तागठबन्धनलाई किन भोट दिने ? संघीय लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताको पक्षमा रहेका मतदाता राप्रपा जस्तो संघीयता विरोधी पार्टीसमाहित एमाले गठबन्धनलाई किन भोट दिने ?

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधीमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आवश्यकता**

जनकपुरधामको प्रतिष्ठित अस्पतालमा देहाय बमोजिमको पद पुर्तीको आवश्यकता रहेकाले समयमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या |
|---|---|
| मेडिकल अफिसर (एमबीबीएस) | एक जना |
| हेल्थ एसिसटेन्ट (एचए) | दुई जना |
| अहेब | एक जना |
| स्टाफ नर्स/अनमी | एक जना |
| रिसेपनिष्ट/कैशियर | एक जना |
| सेक्युरिटी गार्ड | एक जना |

योग्यता : ६ महिनाको अनुभव तथा सम्बन्धित काउन्सिल दर्ता

सम्पर्क
केयर मेडिकल सेन्टर नर्सिङ होम
बागवानी अगाडि जनकपुरधाम
फोन नं. ०४१-५२०४३३/५२०४७९

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८